दक्षिण कोरियामा नेपाली कामदारहरुको मृत्यु सम्वन्धमा अध्ययन गर्न गठित कार्यदलले नेपाली राजदूतावास, सिओलमा पेश गरेको प्रतिवेदन

--

अध्ययन प्रतिवेदन

२०१३-१२-०८

सिओल, दक्षिण कोरिया

दक्षिण कोरियामा नेपाली कामदारहरुको मृत्यु सम्वन्धमा अध्ययन गर्न गठित कार्यदलले नेपाली राजदूतावास, सिओलमा पेश गरेको

अध्ययन प्रतिवेदन

२०१३-१२-८

दक्षिण कोरिया

पृष्टभुमी

नेपाली युवा तथा युवतीहरु बैदेशीक रोजगारको सिलसिलामा प्रत्येक दिन विदेशिने क्रम जारी छ। नेपालको राजनैतिक अस्थिरता, आर्थिक दुर्लबता तथा विश्वको गतिको विकासलाई आत्मासाथ गर्नको लागि यो ठूलो हुल नेपाल बाहिरिने गर्दछ। श्रमिकहरुको लागि मुख्य गन्तब्य मानिएको खाडि मुलुकमा धेरै नेपालीहरु आफ्नो परिश्रम बेचिराखेका छन्। तत्कालै मात्र रोजगारको आकर्षण बनेको दक्षिण कोरियामा नेपालीहरुको संख्या दिनानुदिन बढिरहेको अवस्था छ भने दुर्घटना र विभिन्न कारणले मृत्यु हुनेहरुको दर पनि बढ्दो छ। कोरियामा मात्र नभएर अन्य मुलुकहरुमा पनि नेपालीहरुले आत्माहत्या गर्ने तथा सुतेको ठाउँमा अचानक मृत्यु हुने घटना देखिएका छन्। कोरियामा २००७ बाट अहिलेसम्म ५७ जनाको मृत्यु भइसकेको छ यी मध्ये ५०% भन्दा वढिको आत्माहत्याबाट र अचानक मृत्यु भएको छ | थोरै मात्र सवारी साधान दुर्घटनाबाट मृत्यु भएको छ भने कलकारखानामा काम गर्दा भएका केशहरु दोश्रो दर्जामा पर्दछन। यस्ता घट्नाहरुलाई अध्ययन गर्दा धेरै केशहरुमा वातावरणीय परिवर्तन, कामको प्रकृती र अज्ञानता, काम गर्ने तालीका (दिन र रात काम गर्ने तालीका), भाषाको अभाब तथा बोलीचालीमा समस्या, साहुको ब्यवहार, खानपिनको परिकार, वासस्थानको प्रकृती जस्ता कुराहरुले प्रमुख भूमिका लिएका छन्। सुताईको तालीकामा फरकपन, थाकेको बेलामा अत्यधिक इलेक्ट्रोनिक समानको प्रयोगबाट दिमागमा तनाव, कार्य क्षेत्रमा तनाबपुर्ण वातावरण र डर त्रासमा काम गर्नुपर्ने तथा पारिवारिक विछोडले अवस्थालाई अझ बढि उर्जा थपेको छ यस्ता घट्नाहरुको लागि। सोचेभन्दा फरकपनको सामना गरेपछि, अन्त्यमा गएर डिप्रेशनको सिकार भई उ कित आत्मा हत्या गर्नतिर सोच बनाउछ कि त ड्रग तथा रक्सिको सहरा लिन पुग्छ। लामो समयसम्म ड्रिपेसनबाट पिढित भएका मानिसमा स्वभाबैले पनि मुटु सम्बन्धी कठिनाईहरु हुने तथा सुताईमा अनियमीतता हुने र स्वासप्रस्वास सम्बन्धी समस्या आएर अचानक मृत्यु हुने हुन्छ। यस बाहेक, विषेश गरेर युवा अवस्थामा वढि देखिने अचानक नसोचेको मृत्युको लक्षण (Sudden Unexpected Death Syndrome, SUDS)बाट पनि पीडित भएको पाईएको छ, जसमा मुटुको डिसओडरको कारणले मानिसको सुतेको बेलामा मृत्यु हुन्छ र यो वंशाणु रुपले सर्ने गर्दछ।

यस्ता घट्नाहरुलाई सवाधान गर्नको लागि सामुहिक तथा सरकारी तहमा बिभिन्न उपायहरु अपनाउन सकिन्छ।

जस्तै :-

१. कोरियामा आउनु भन्दा पहिले नै मानसिक रुपले तयार हुने, काम गर्न प्रवेश गर्नु भन्दा पहिले नै पुर्ण जानकार हुने र काम पुर्ण दक्षता र विश्वासका साथ गर्ने,
२. भाषाको ब्यवहारिक ज्ञान लिने र कार्य स्थलमा सिक्नु पर्ने आधारभुत कुराहरुको बारेमा जानकार हुने जसले काम सम्बन्धी समस्याबाट पिढित हुन नपरोस,
३. कामसँग सम्वन्धित वा अन्य व्यवहारिक तथा कुटनीतिक तहमा नेपाल सरकार तथा नेपाली समुदायले खेल्ने भुमिकालाई जिम्बेवारीपुर्वक पुरा गर्ने।
४. आफुलाई कुनै प्रकारको असजिलो तथा असहज वातावरणको अनुभुति भएमा तुरुन्त सम्बन्धित ठाउँमा सम्पर्क गरी सवाधानका उपायहरुको बारेमा छलफल गर्ने।
५. नेपाल सरकारले कुटनीतिक रुपले सहमति गर्दा, आफ्ना कामदारहरुका अधिकारहरुको बारेमा प्रष्ट कुराहरु राख्ने जसले गर्दा कार्य स्थलमा कुनै पनि मानव अधिकार सम्बन्धिका विषयहरु उलंघन नहुन र स्वस्थ र सहजरुपमा काम गर्ने वातावरण रहोस।

प्राक्थन

कोरियामा आत्मा हत्या तथा अचानक हुने मृत्युदर अधिक बढेको छ जुन सबै नेपाली तथा नेपाल सरकारको चासोको बिषय भएको छ। यसै सन्धर्भमा, आत्मा हत्या तथा अचानक

हुने मृत्युहरुकोबारेमा अध्ययन गर्नको लागि नेपाल सरकारको तर्फबाट नेपाली राजदूतावासले केहि समय पहिले ५ सदस्य: श्री अटोर्नि सियोन कि पार्क, डा. देवी वहादुर वस्नेत, श्री कृष्ण राई, श्री अशोक मैनाली र श्री बुकी पार्क रहने गरि एक अध्ययन समिती बनाएको थियो। नेपाली राजदूतावासले जुन विश्वासको साथ यो महत्वपूर्ण कार्य जिम्मा दियो यसकोलागि नेपाल सरकार, नेपाली राजदुतावास र यससँग संलग्न कर्मचारीहरुलाई धन्यावाद दिन चहान्छौ। विषेश: माहामहिम श्री कमान मानसिह लामा, उपनियोग प्रमुख श्री राजाराम बर्तौला र श्रमसहचार्य श्री अनिल गुरुङ लगायत अन्य कर्मचारीहरुको सबै प्रकारको सहयोगको लागि धन्यबाद दिन चहान्छौ।

यसकार्यलाई सफल पार्नको लागि महत्वपूर्ण सल्लाह तथा सुझाव दिने नेपाली समुदाय, कोरियन कम्पनीमा भ्रमण गर्दा सहयोग पुर्याउने कम्पनी मालीक तथा प्रवन्धकहरुलाई पनि धन्यवाद दिन चहान्छौ। मजुदरहरुका समस्याहरुसँग लामो समयदेखि परिचित रहनु भई समस्याको बारेमा छलफलमा सहयोग पुर्याउने पाश्चर श्री यज्ञ राज सुवेदी र श्री उदय राई, ओनलाईनको माध्ययमबाट नेपाली समुदायमा समाचार प्रवाह गरि रहने प्रत्रकारहरु साथै श्री देवेन्द्र समबाहाम्फेलाई यस कमिटीले हार्दिक धन्यावाद प्रकट गर्दछ। हाम्रो यस कार्य सम्पन्न गर्नमा प्रत्यक्ष वा अत्यक्ष सहयोग पुर्याउनु भएको थियो।

नेपालबाट पाल्नु हुने डा. यम रोक्का न्युरोलोजिष्टहरुलाई वहाहरुको बहुमूल्य समय दिएर डिप्रेशन सम्बन्धीको सेमिनार दिनु भएकोमा धन्यवाद दिन चहान्छौ। अन्यत्यमा, सम्पुर्ण कोरियामा रहने नेपाली समुदायहरुलाई यहाँहरुको लामो धैर्यताको लागि धन्यवाद दिदै यस प्रतिवेदनमा पेश गरिएका विषयवस्तुहरुलाई गम्भिरतापुर्वक मनन् गरि रोजगारको शिलसिलामा आउने नेपाली युवा तथा युवतीहरुलाई सहि मार्ग निर्देशन दिई भविश्यमा हुने यस्ता दुर्घट्नाहरुलाई न्युनिकरण गर्न सहयोगको लागि हार्दिक अनुरोध गर्दछौ।

विषय-सूची

१. भुमिका
२. समितिको उद्धेश्य
३. खोजको तरिका
४. तथ्यांक संकलनमा त्रुटि
५. अध्ययनको विस्तृत विवरण
- नेपाली कामदारहरुको अवस्था

- मृतकको विवरण

६. अध्ययनको विश्लेशण

७. निष्कर्ष

८. सुझाब र सल्लाह

१. भुमिका

नेपाल र कोरियाविचको कुटनैतिक सम्बन्ध १९७४ देखि सुरु भएको हो। सोहि वर्ष दक्षिण कोरियाले नेपालमा आफ्नो राजदूतावास खोलेर यसलाई निरन्तरता दिएको थियो। नेपाल र कोरियाविचमा बिभिन्न सरकारी तहका भ्रमणहरूबाट यसलाई अझ मजवुद बनाउने काम भएको छ। कोरियन सरकारले नेपालप्रतिको चासो विषेशत: कोरियन नागरिकहरुको पहाड चढ्ने रुची तथा गौतम बुद्धको जन्मथलो भएको कारणले बौद्ध धर्मावलम्वीहरुले देखाएको अभिरुचीका कारणले देखाएको छ। सायद यसै कारणले हुन सक्छ कोरियाले नेपालमा विभिन्न क्षेत्रमा लगानी गर्दै आएको छ। जुलाई, २०१२ सम्मको जानकारीलाई हेर्ने हो भने,

करिब १७१ वटा प्रोजेक्टहरु कोरियन लगानीकर्तामार्फत चलेका छन भने यसले नेपालमा करिब ६८२० कामदारहुरलाई काम दिएको छ। नेपालीहरु विभिन्न स-साना सरकारी तथा ब्यक्तिगत भ्रमणबाट कोरिया आउने गरेतापनि, बैधानिक रुपले औधोगीक प्रशिक्षार्थीको रुपमा कोरिया आउने क्रम सन् १९९३/९४ बाट सुरु भएको थियो। प्रशिक्षार्थीहरुको रुपमा आएपनि उनीहरु कोरियामा श्रम कर्मीको रुपमा रहने गर्थे, यो क्रम २००५ सम्म वढेतापनि २००७ देखि पुर्णरुपमा बन्द गरियो। २००४ मा कोरियाले ईपीएस (Employment Permit System) अन्तर्गत विदेशी कामदारहरु भित्राउने क्रममा, जुलाई २००७ मा नेपालसँग पनि सम्झौता गरि रोजगार अनुमति प्रणाली लागु गर्यो तत् पश्चात नेपाली कामदारहरु बढ्दोरुपमा कोरिया आइरहेका छन्। यस प्रणाली अनुशार दुबै देशविचमा एक प्रकारको सम्झौता भयो जसले काम दिने तथा काम लिने देशहरुलाई फाइदा हुनुको साथै श्रमकर्ताहरुको पनि उचित सुरक्षा तथा ब्यवस्थापन हुन विश्वास गरियो। श्रमिकले तोकिएको नियम कानुनमा रहि सम्झौतामा रहेका क्षेत्रमा मात्र काम गर्नु पर्ने हुन्छ। उक्त तोकिएका क्षेत्रहरुमा निमार्ण सम्बन्धिका कारखाना, कृषी तथा पशु पालन, माछा उत्पादन तथा अन्य सेवाहरु (होटेल, सामजिक सेवा, सरसफाई, गृह कार्य तथा कार्यलय सहयोग) आदिमा पर्दछन्। मुख्यरुपमा कोरिया आउने ठुलो समुदाय ईपीएसबाट आउने भएतापनि, सम्पूर्ण नेपालीहरुलाई निम्न समुहमा बर्गीकरण गर्न सकिन्छ।

१. प्रशिक्षार्थीहरुको रुपमा

२. पठन पाठनको लागी

३. ब्यापार व्यवसाय

४. सरकारी काम काजको लागि

५. वैवाहिक सम्बन्धबाट

६. रोजगार अनुमति प्रणालीबाट

यसमा पनि सबै भन्दा बढि रोजगार अनुमति प्रणालीबाट आउने र प्रशिक्षार्थीहरूको रुपमा आउनेको संख्या पर्दछ, जुन कोरियाका कुल नेपालीहरुको झण्डै ९०% छ। विश्वका विकशित मुलुक बराबरको हैसियत राख्ने तथा दह्रो आर्थिक उपार्जन गर्न सकिने, सामाजिक सुरक्षा तथा अनुशासनको पद्धति भएको, नेपाल र कोरियाविचको धार्मिक तथा सास्कृतिक

समानता, विकशीत विज्ञान तथा प्राविधीक शिक्षा प्रणाली आदीका कारणले कोरियालाई रोजगारको रुपमा एक आकर्षित स्थल मानिन्छ।

कोरियालाई सफल गन्तब्य मानिएता पनि, यहाँका रोजगार तथा वसोवास गर्ने नेपालीहरु बिभिन्न समस्याहरुबाट जेलिन्दै छन् । विधार्थी तथा ब्यापारीहरुको आ-आफ्नै समस्या छन भने वैवाहिक सम्बन्धवाट तथा रोजगारीको शिलशिलामा आउनेहरुका त्यस्तै जटिल समस्याहरु देखिएका छन्। मुख्यत : कोरियामा रोजगारको शिलसिलामा कोरिया जाने नेपालीहरु तीनवटा क्षेत्रमा आएका छन् । उत्पादन, कृषि र माछापालन। उत्पादन क्षेत्रमा काम कठिन, पारिश्रमिक तथा सुविधा सामान्य र काम गर्ने समय प्राय निश्चित हुन्छ तथा बढी काम गर्दा ओभर टाइम भत्ता पनि पाइने तथा प्रायः जसो कम्पनीमा खाना बस्न सुविधा हुने हुन्छ भने माछा पालन तथा कृषिमा काम पनि अत्यन्तै कठिन हुने, पारिश्रमिक पनि एकदमै कम हुने, एकाध कम्पनीमा बाहेक प्राय बस्न खान सुविधा नदिने, दिए पनि तलबबाट कटाउने, ओभर टाइमको हिसाव नहुने र काम गर्दा खुला ठाउँमा गर्नु पर्ने हुँदा कृषिमा धेरै नेपालीहरुलाई काम गर्न कठिन भएको पाईएको छ। धेरैलाई उपचार बीमा नगरिदिने, बस्न उपयुक्त ठाउँको व्यवस्था नहुने, बस्न दिएका ठाउँहरुपनि पर्याप्त मात्रामा सुत्ने ठाउँ नहुनु तथा आवश्यक पर्ने जति हावादार कोठा नहुनु, कामको समयको एकरुपता नहुनाले शरिरीक तथा मानसिक सिथिलता आउनु, सम्झौतामा तोकिएको समय भन्दा कैयौं घण्टा बढी काममा लगाउनु, बिरामी भएको कयौ पटक जानकारी गराउँदा पनि उपचार नगरिएका समस्याहरु बिभिन्न पत्र पत्रिकाबाट मात्र नभएर पीडित श्रमिकहरुबाट समेत थाहा पाउन सकिन्छ।

दक्षिण कोरियामा वैवाहिक भिषामा आएका नेपाली महिलाहरुको आफ्नै प्रकारका समस्याहरु छन्। केहि महिलाहरु कागजि रुपमा मात्र विवाह गर्ने र कोरियामा आएर काम गर्ने मानसिकता लिएर आएका हुन्छन। तर पछि कोरिया आइसकेपछि सोचे मुताविकको काम नपाइने, भिसा नविकरण गर्ने बेलामा विवाहको कागज बनाउनको लागि नक्कली जोडिले पुन: मोटो रकम माग्ने, नक्कली विवाह गरेको खुलासा भएमा थुनामा परि देश निकाला हुनुपर्ने आदि समस्या भोग्ने गरेका छन्। सक्कली नै विवाह गरेकाहरुमा धेरैजसो

आफू भन्दा धेरै पाको, अशिक्षित र निम्न जीवनस्तर भएकाहरु छन्। यहाँ नेपाली महिलाहरु करिब हजार भन्दा बढि भित्रिसकेका छन्।

कोरियामा अध्ययनरत विद्यार्थीहरुको लागि प्रमुख कठिनाई बोलीचालिमा हुने भाषा रहेको छ। भाषाकै कारणले विश्वविध्यालयले प्रदान गरेको बिभिन्न सुविधा तथा कोरियाको रहनसहनमा घुलमिल हुनबाट बञ्चित भएका हुन्छन्। यस्तै अध्ययनपछि आर्जित ज्ञानको प्रयोगात्मक अनुभवको लागि कोरियामै काम गर्ने सुविधा पनि कम नै छ र नेपालमा गएर त्यसको सदुपयोग गर्न पनि सहज छैन। केहि केशहरु यस्ता पनि छन जहाँ विधार्थीहरुले आफुले डिग्रिको लागि चाहिने सम्पुर्ण कार्य सकेर पनि प्राध्यापकको कारणले आफ्नो पुरा भैसकेको डीग्री पाउन सक्दैनन्।

अर्को सानो समुह भनेको ब्यापारीहरुको छ। उनीहरुका अन्य समुदाय भन्दा नगन्य समस्याहरु छन्। लगानी वृद्धि गरे पनि नक्कली ब्यापारीहरुको कारण भिषा नबिकरण गर्ने बेलामा समस्याहरु हुने गरेका गुनासाहरु आउने गरेका पाईन्छन। कोरियाले समय समयमा बिभिन्न नियम र कानुनहरु परिवर्तन गर्ने भएकोले पनि धेरै समस्याहरु देखिने गर्दछन्।

काम गर्दा तथा अध्ययनको क्रममा देखा पर्ने समस्याहरु नेपालीहरुको बढ्दो संख्यासँगै दिनप्रति दिन वढ्दै गएका छन् भने मृत्यु हुने संख्या पनि अप्रत्यासित रुपमा बड्दै गएको छ । कोरियामा नेपालीहरुमा वढ्दै गरेको आत्महत्या वा सुतेको ठाउँमा मृत अवस्थामा फेला पर्ने मृत्युहरु नै मुख्य हुन। आत्महत्या गर्नु पछाडि विषेशत: मृतकको नै जिम्बेवारी देखाइन्छ जुन कानुनी रुपले हेर्ने र देख्ने गरिन्छ। सुतेको ब्यक्ति भोलिपल्ट विहान मृत अवस्थामा भेटिनुको पछाडि बिभिन्न कारणहरु हुन सक्छन् त्यसकोबारेमा विशेषरुपले अध्ययन नगरि केशलाई साधारणतय टुङ्याउने हिसावले प्रतिवेदन बनाई लास उठाउने कार्य गर्ने गरिन्छ। यसको मुख्यकारण, प्रवासी कामदार भएको कारणले पनि यसले त्यति महत्व पाएको पाईदैन र त्यसलाई विस्तृत रुपले खोजी गर्ने काम हाम्रो नेपाल सरकारले पनि गरेको पाईदैन। वैज्ञानिक रुपले विषय बस्तुहरुलाई अध्ययन गर्ने हो भने, मृतकको मात्र स्वास्थ्यको कारणले सो नभई उसँग सम्बन्धित विषयबस्तु पनि जिम्बेवारी भएको

हुन सक्छ। धेरै नेपालीहरुलाई दिमागमा चाप परेर आत्माहत्या गर्नेसम्मका धेरै उदाहरणहरु पाउन सकिन्छ। किन कोरियामा काम गर्ने नेपालीहरुमा आत्माहत्या गर्ने वातावरण बन्दछ, सुतेको स्थानमा किन मृत्यु हुने गर्दछ तथा शारीरिक रुपले वढि काम गर्नुपर्ने ठाउँमा किन दिमागी चापबाट समस्याहरु बढि देखिन्छन जस्ता प्रश्नहरु जो कोहीमा आउन सक्छ। यसका पछाडि कस्ता प्रकारका तत्वहरुको प्रमुख भुमिका रहन सक्छ, यसका रोगथाम कसरी गर्न सकिन्छ र अन्तमा नेपाल सरकारले कुटनैतिक रुपमा कस्तो भुमिका खेल्नु पर्छ तथा कोरियामा रहेका १० औ सघ संस्थाहरुको प्रमुख दायित्व के हुन सक्छ भन्ने बारेमा यस रिपोर्टले जानकारी दिनेछ।

२. उद्धेश्य

नेपालबाट ईपीएसमार्फत कोरिया भित्रने क्रम सँगसगै नेपालीहरुको मृत्यु हुने संख्या पनि सँगै बढ्दैछ। कोरियामा गर्ने काम भनेको थ्रीडी , डेन्जर, डर्टि एण्ड डिफिकल्ट अर्थात खतरानाक फोहोर र कठिन हुन्छ । काम गर्दा औला काटिनु**,** हात काटिनु अनि सुतेकै अवस्थामा मृत्यु हुनु त यहाको दैनिकि जस्तो भइसक्यो। मृत्युहुनेहरुमा आत्महत्या तथा सुतेको ठाउमा मृत्यु हुने क्रम असाध्यै वढि छ। अहिले सम्मको साधारण विषय बस्तुलाई सरसर्ती हेर्ने हो भने, आत्महत्या गर्नका कारणहरु तथा आत्म हत्या गर्नसम्म कोशीस गर्ने अवस्थासम्म पुग्नु र कोठामा मृत अवस्थामा फेला पर्नेका कारणहरु प्रष्ट छैनन्। दु:खको कुरा यो क्रम दिनानुदिन बढ्दो छ। यसका मुलभुत आधार थाहा पाउने हो भने यसबाट रोगथाम गर्न सकिने कुरामा कसैको दुई मत नरहला। नेपालबाट पूर्ण रुपमा स्वस्थ जाँच गरि (१८ देखि ४० वर्ष मुनि) नेपाली युवाहरु किन कोरियामा आएर आएको केहि समयमा नै कोहि हाम फाल्न पुग्दछन् त कोहि झुण्डिन त कोहि सुतेको ठाउँमा मृत अवस्थामा भेटिन्छन? तिनीहरु कोरियामा आएर त्यती छोटो समयमा किन त्यो अवस्थामा पुग्दछन्, रहस्यमय कुरा छ। यस्ता घट्नाहरुले सम्बन्धित ब्यक्तिको परिवार तथा आफन्तहरुलाई मात्र नभई वैदेशीक रोजगारमा जाने सम्पूर्ण नेपाली तथा नेपालमा रहने नेपालीहरुलाई बैदेशीक रोजगार प्रति वितृष्णा फैलिने मात्र नभई रोजगारमा आउनेहरुको मनमा उठ्ने शंका उपशंकाले कामको गुणस्तर घट्न गई यसले अप्रत्यक्ष रुपमा नेपालीहरुको कार्य कुशलता तथा नेपालले बैदेशीक रोजगारबाट पाउने आय घट्न जाने हुन्छ। यस्ता

घट्नाहरुका कारणहरु प्रष्टरुपमा बाहिर नआउनाले सम्बन्धीत देशका रोजगारदाताहरुले समेत संवेदनशील नभई नेपाली रोजगारकर्ताहरुलाई सधै त्यस्ता प्रकारका समस्या आइरहने हुनाले पनि यस्तो अध्ययनको आवश्यकता महशुस गरिएको हो। घटिसकेका घट्नाहरुको क्रमिक अध्ययनबाट निस्कन सक्ने परिणामबाट त्यस्तै प्रकृतिका घट्नाबाट जोगिनलाई रोजगारकर्तालाई मात्र नभई नेपाली सरकार तथा रोजगारदातालाई समेत एक प्रकारको निर्देशन हुन सक्छ जसको परिणामस्वरुप असजिला कार्य प्रणालीहरुलाई परिवर्तन गरि सहज र कम जोखिममुलक प्रणालीलाई लागु गर्ने सकिन्छ।

रोजगारको अभाबमा भौतारिएका नेपाली यूवा तथा यूवतीहरु कोरिया जस्तो विकशित तथा आर्थिकोपार्जनको रुपले आर्कर्षित मुलुकमा आउन पाउनासाथ भविस्यका सपनाकासाथ कोरियाका ठु-ठुला गगन चुम्बि महल र पैसाको लोभमा वास्तविकता नवुझिकन आउने गर्दछन्। वास्तविकता अलग पाउनसाथ उनीहरु मानसिक रुपमा कमजोर हुने, त्यहि बेला रोजगारदाताहरुको कामको चाप, ब्यवहार, भाषागत समस्या, आधुनिक कलपुर्जाको अध्ययनको कमी तथा लगातार कामको चापले छोटो समयमा नै निराशिन थाल्दछन्। वास्तवमा यी उद्दत गरिएका विषय बस्तुहरु सहि हुन। यदि त्यस्तो अवस्था लामो समयसम्म रहेमा वा कसैको सहि निर्देशन तथा सल्लाह पाउन नसकेमा, उनिहरुलाई मानसिक रुपमा असर परि आत्मा हत्या गर्ने सक्ने, विभिन्न प्रकारको कु-लतमा लागि हृदयघात भइ मृत्यु समेत हुन सक्ने वास्विकतालाई पनि यस अध्ययनको मुख्य विषय बनाईएको छ। यी विषय बस्तुहरुको अध्ययन गर्ने क्रममा नेपाली रोजगारहरु तथा अन्य शिलशिलामा – विषेशत: कोरियन नागरिकहरुसँग वैवाहिक सम्बन्धमा आउने महिलाहरुको बारेमा पनि जानकारी राखेर छलफल गरिएको छ। यस्ता विषयहरुलाई मध्यनजर गर्दै सम्भावित खतराहरू अध्ययन गरि नेपाल सरकार तथा कोरियन सरकारको सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने र कोरिया वा नेपालमा रहेका विभिन्न नेपाली संघ सगठनहरुले यस्ता दुर्घटनालाई कसरी रोगथाम गर्नमा टेवा दिन सक्छन् भन्ने बारेमा समेत यस अध्ययनको रिपोर्टले निर्देशन गर्नेछ।

३. खोजका तरिकाहरु

यस अध्ययनलाई पुरा गर्नको लागि, यस समितीले बिभिन्न तरिकाबाट तथ्यांक संकलन गरेको थियो, जुन यस प्रकार छ।

३.१. मृत्युको प्रकृति, ठाउँ र परिस्थितीको अध्ययन

यो प्रतिबेदन तयार पार्ने बेलासम्मका मृत्यु भएका केशहरुको प्रकृतिलाई अध्ययन गरियो। मृत्यु कहाँ, कहिले, नेपालबाट आगमन भएको कति समयपछि, कसरी (मृत्युका बिभिन्न प्रकृतीहरुको बारेमा विस्तृत विवरण संकलन) र सम्भावित कारण के हुनसक्छ जस्ता विषयहरुमा साधन, श्रोत र समयले भ्याएसम्म तथ्याङक संकलन गरियो। काम गर्दागर्दै मृत्यु भएको भए, कुन अवस्थामा भएको र तत्कालको रिपोर्टमा कस्तो प्रकारको विवरण पेश गरिएको थियो भन्नेबारेमा पनि ध्यान दिएको थियो। यदि कार्यस्थलमा नभई अन्य ठाउँमा भएको भए, कुन परिस्थितीमा भएको र मृतकले सेवन गरेको विभिन्न प्रकारको परिकारहरु, सुतेको वा नसुतेको, कसैसँग विषेश वार्तालाप भएको वा नभएको, काम गरिरहेको वा नगरेको, उसका दिनाहु दिनका बानीहरु आदिकोबारेमा जानकारी संकलन गरियो।

३.२. मृतकको पहिलेको स्वास्थ्यको अवस्थाको अध्ययन (जानकारी)

सम्भब भएसम्म, मृतकको काममा आउनु भन्दा पहिले कुनै प्रकारको रोग थियो वा थिएन, लामो समय सम्म औषधि सेवन गरेको थियो वा थिएन भन्ने बारेमा पनि जानकारी संकलन गरियो।

३.३. अनलाइन तथा प्रत्यक्ष भेटघाटको श्रोतहरुबाट

अध्ययनको क्रममा संलग्न गरिएका तथ्याङकहरुबाट आएको जानकारीलाई वैज्ञानिक तरिकाले प्रस्तुत गर्नको लागि आवश्यक जानकारीहरु अनलाईन तथा अनुसन्धानात्मक पत्रबाट संकलन गरियो। आधिकारिक तथ्याङकमा लेखिएका सिमित जानकारिहरुलाई फराकिलो बनाउनको लागि सम्बन्धित ब्यक्ति वा समुहसँग विभिन्न अन्तर्किया मार्फत जानकारी लिइयो।

४. तथ्याङक् संकलनमा त्रुटि

यो प्रतिवेदन तयार गर्दा धेरै तथ्याङकहरु जस्ताको तस्तै उपलब्ध गर्न सकिएन। त्यस्तै नेपाली राजदूतावास स्थापना गर्नुभन्दा पहिले घटेका घट्नाहरु आधिकारिक संघ र संस्थाको अभाबमा जानकारी संकलन गर्न सकिएन। नेपाल राजदूतावासमा दर्ता गरिएका केशहरुमा विवरणहरु संक्षिप्त रुपमा मात्र भएको र सम्बन्धित ठाउँमा भ्रमण गर्दा तत्काल काम गर्ने कर्मचारीहरु नभएको तथा भएपनि कम्पनी मालिकहरुले पुराना केशहरुलाई पुन उत्थान गर्न नचाहाने भएकोले यस सोधकर्ताहरुले चाहे अनुशारको तथ्याङक संकलन गर्न नसकेता पनि समसामुहिक परिस्थितीहरुलाई मध्यनजर गर्दै वैज्ञानिक तरिकाबाट अध्ययन गरिएका सोधपत्र तथा अनुभवि व्यक्तिहरुसँगको कुराकानीको आधारमा धेरै विषय बस्तुहरुलाई संलग्न गरेको छ। यस सोधकार्यले भविश्यमा गर्नुपर्ने आवश्यक कामहरुलाई राम्रोसँग मार्ग निर्देशन गर्ने कुरामा विश्वस्त हुन सकिन्छ।

५. अध्ययनको विस्तृत विवरण

५.१. नेपाली श्रमिकहरुको अवस्था

कोरियामा आउने सबैभन्दा ठुलो समुह भनेको रोजगारमा आउने श्रमिकहरुको नै हो। स्वभावैले जति धेरै संख्या बढ्यो त्यसमा त्यति नै समस्याहरु देखा पर्दछन्। धेरै जसो समस्याहरु नेपालबाट प्रस्थान गर्दा नै गाँसिएर आएका छन्। कोरिया प्रवेश गरेदेखि काम गर्दा, बस्दा, खादा, हिड्दा, सुत्दादेखि नेपाल फर्किदासम्म समस्याहरु एकपछि अर्को गर्दै लाईन लाग्ने गर्दछन्। विषेश गरिकन, श्रमिकहरुका तत्कालै देखिने र सवाधान गर्नैपर्ने र गर्न सकिने समस्याको बारेमा यस अध्ययनबाट छोटो जानकारी दिने कोशीस गरिएको छ। यस्तै समस्याहरुले नै नेपालीहरुलाई मृत्युको मुखसम्म धकेल्ने वाध्य तुल्याउने भएकोले यसको बारेमा चर्चा गर्नु उपयुक्त ठानिएको छ।

५.१.१. नेपालमा गरिने सम्झौता

शिक्षित धेरै नेपाली युवा तथा युवतीहरु आफ्नो अध्ययन पश्चात वा अध्ययन कै क्रममा पनि आर्थिकपार्नजको लागि भौतारि रहेको अवस्था छ। दक्षिण कोरिया र नेपाल सरकार विचको सम्झौता मुतावीक कोरियामा काम गर्न आउन पाउनु एउटा राम्रो बिकल्प मानिएको छ। नेपालीहरु हजारौको संख्यामा भाषा परिक्षाको लागि तयार गरेर परिक्षामा

भाग लिन्छन्। यसका लागि नेपालमा जिवनोपार्जन गर्नको लागि पाएको सरकारी वा प्राईभेट कम्पनिको काम समेत छोडेर कोरिया आउन सुर कस्छन्। यस क्रममा धेरैले कोरियाको कामको र यहाँ भोग्नु पर्ने कठिनाई तथा कोरियाको जिवनशैलीको बारेमा बुझेका हुदैनन्। सबैको मन कोरियाको राम्रो अर्थ संकलन र यहाँ अवस्थित गगन चुम्बि भवनहरुको कल्पनामा मात्र रहन्छ।

परीक्षा उतीर्ण भैसकेपछि कोरियन कम्पनिसँगको सम्झौताको बारेमा प्राय: धेरैले ख्याल गरेको हुदैन। विषेश गरिकन कृषीमा आउने श्रमीकहरुमा यो परिस्थीती देखिन्छ। भाषा पास गर्न मात्र पढ्ने तर बोलीचालीको भाषामा राम्रो ज्ञान नहुनाले साधारण कोरियनहरुसँको संवादमा समस्या हुने गर्दछ। तुलनात्मक रुपमा उत्पादन कम्पनीमा काम गर्न सजिलो मात्र नभई उच्चस्तरीय श्रम नियम लागु हुने हुदा कृषि तथा मत्स्यपालन भन्दा उत्पादनशिल कम्पनीमा काम गर्ने नेपालीहरुको पारिश्रमीक केहि हदसम्म राम्रो रहेको पाइन्छ । तर कृषि पशुपालन र मछ्यपालनमा आधारभुत श्रमिक कानुन को पालना नहुने, काम गर्नेहरुको कार्य तालिकाको निश्चित नहुने, धेरै मिहिनेत गर्नु पर्ने, खुला आकासमा काम गर्नु पर्ने, बस्नको लागि राम्रो ब्यवस्था नहुने, श्रमिकहरुको सँख्या कमहुने र धेरै बातचित गर्न पनि मौका नमिल्ने र एक्लोपनको महसुस गर्ने अवस्था देखिन्छ। नेपालमा गरिएको सम्झौता भन्दा काम तथा तलब घटी रहेका धेरै गुनासाहरु पाईन्छन्।

नेपालबाट टड्कारो रुपमा देखिने समस्या भनेको नेपाली चेलीहरुको (जसले कोरियन पुरूषहरुसँग विवाह गरेर आउछन्) हो। उमेर धेरै खाइसकेका, विवाह गरेर पारपाचुके गरिसकेका, शारिरिक, मानसिक तथा आर्थिक रुपले सक्षम नभएका कोरियन पुरुषहरुले नेपाली केटीहरुलाई छानी छानीकन विवाह गर्ने गर्दछन्। नेपाली तथा कोरियन दलालहरुले नेपाली केटीहरुलाई नेपालमा बिभिन्न प्रलोभन देखाउने – उक्त ब्यक्ति कोरियन कम्पनिको मालीक हो, कोरियामा कोरियन आइडी बनाउन मिल्ने, आफुले सोचेको काम गर्न पाउने र स्वदेशमा पैसा पठाउन मिल्ने तथा आदी- इत्यादी कुराहरु सुनेर कोरिया आउने गर्दछन्। उनीहरूले ठूलो रकम खर्चगरी कोरियालीसँग विवाह गरेर घरेलु कामदारका रूपमा काम गर्ने र उनीहरुलाई यौन शोषण गरि दुर्व्यावहार गरेका धेरै उदाहरणहरु पाइएका छन्। यसरी

विवाह गरेर आएका नेपाली चेलीहरूमा धेरै जसोले कोरिया आएपछि अधिक कठिनाई भोगेका छन। कागजी रूपमा विवाह गरे पनि निश्चित समयपछि श्रीमान् र परिवारबाट विभिन्न शोषणमा पर्ने गरेका छन्। रोजगारीका लागि सहजै भिसा पाइने आशमा कतिपय नेपाली महिलाले कन्सल्टेन्टमार्फत कोरियाली नागरिकसँग विवाह गर्ने र उनीहरूसँगै जाने गरेका छन्।

५.१.२. कोरियाको कार्य तालीका तथा काम गर्ने वातावरण

कोरियामा धेरै ब्यस्त कम्पनीहरु रात दिनै चल्ने गर्दछन्। उक्त कम्पनिमा काम गर्ने श्रमिकहरुले प्राय: जसो दुई सिफ्ट काम गर्नु पर्दछ। प्राय ७-७ दिन वा १४-१४ दिनको। ब्यस्त भएको र कामदारहरु प्रयास नभएको कारणले निर्धारित समय भन्दा बढि काम गर्नुपर्ने हुन्छ। नियमानुसार तोकिएको कार्य तालीका भन्दा बढि काम गरेमा बढि तलब पाउने भएकोले पनि कार्य तालीका भन्दाबाहेकको काम गर्न रुची दिने गर्दछन्। रातीको समयमा गरिने थप कामको लागि दिउसो भन्दा १ सय ५० प्रतिशत वा दोब्बर नै हुने गर्दछ जसले गर्दा दिउसो काम गरेर पनि राती अबेरसम्म काम गर्ने गरेका कम्पनीहरु प्रसस्त छन्। यसरी काम गरिरहदा शरिरको थकाईको समेत ध्यान नदिने तथा आराम गर्नु पर्ने समय समेत कम्पुटर, स्मार्ट फोन तथा इनटरनेटमा खर्च गर्ने गर्दछन्। काम गर्दा ७ दिनमा ७ तै दिन वा ६ दिन लगातारकाम गर्ने गरेको पाईन्छ।

कोरियामा धेरै जसो विदेशी काम गर्ने वातावरण र कामको प्रकृती प्राय तल्लो स्तरको वा फोहोर, खतरा र मुस्कीलका तथा शारिरिक रुपले धेरै मेहेनत गर्नु पर्ने हुन्छन्। यस्ता कामहरु गर्दा स्वास्थको बारेमा राम्रोसँग ध्यान दिनसकेन भने वा प्रयास मात्रमा आराम गरेन भने शरिरलाई दिर्घकालीन असर पर्ने गर्दछ। विषेशत: रसायन पदार्थमा काम गर्ने, धुलो मैलोमा काम गर्ने, धेरै तातो वा फलाम र सिसाको सामान बनाउने ठाउँमा काम गर्ने तथा लगातार भारी उचाल्ने कामदारहरुमा यो सम्भावना वढि हुन्छ। कम्पनीको उत्पादनको प्रकृती हेरिकन ठूला तथा मझौला कलकारखानाहरुमा काम गर्दा सुरक्षाको ब्यवस्था समेत हुन्छ तर धेरै स-साना कारखानहरुमा त्यस्तो हुदैन।

५.१.३. वासस्थान तथा यसको प्रकृति

धेरै जसो काम गर्ने ठाउँमा, बस्ने ब्यवस्था कार्य स्थल छेउमा नै गरिएको हुन्छ। केहि राम्रा प्रकारका र सिस्टम बसाइसकेका कम्पनीहरुमा मात्र बस्न तथा खानाको राम्रो प्रवन्ध मिलाईएको हुन्छ। काम गर्ने ठाउँको छेउमा, कन्टेनर जस्तो देखिने ठाउँलाई नै सुत्ने कोठा बनाइएका उदाहरणहरु धेरै छन्। त्यस्ता ठाउँहरुमा जाडोको बेलामा राम्रो सुत्न नमिल्ने वा प्रयास मात्रमा हावादार नहुने, सर-सफाईमा त्यति ध्यान नदिने, मेशीनहरुको चर्को आवाजले असर पर्ने, एउटै कोठामा सिमित मान्छे भन्दा धेरै सुत्ने आदी पाइएको छ। कति ठाउँहरुमा जाडोमा तताउने सिस्टम समेत राम्रो कन्डिसनमा हुनैन्। शारिरिक रुपमा थकित भएको शरिरलाई राम्रोसँग आराम हुनसकेन भने वा सुताईमा समस्या भएमा त्यसले पाँचन प्रणालि, रक्त संचार तथा न्युरोको प्रणालीलाई समेत असर पार्न सक्छ। राती र दिनको समयमा काम गर्ने ठाउँमा सुत्ने कोठा कम्पनी नजिकै भएको अवस्थामा दिउसो राम्रोसँग सुत्न नसक्ने र लगातार रुपले थकित शरिरले काम गर्दा कामको गुणस्तर घट्नेमात्र नभई श्रमिकहरुको शरिरलाई बिभिन्न कठिनाई पर्ने गर्दछ।

५.१.४. खाना तथा समय तालिका

केही अपवाद देखि बाहेक मझौला कलकारखानामा खानाको ब्यवस्था गरिएको हुन्छ। १-२ पटक खाना कम्पनीले व्यवस्था गरिएको हुन्छ भने, १ छाक आफैले ब्यवस्था गरेर खानु पर्ने हुन्छ। कृषी तथा मत्स्यपालनमा काम गर्ने देखि बाहेक, अन्य कम्पनीमा काम गर्ने धेरै जसो श्रमिकहरुको खाना खाने समय प्राय निश्चित हुन्छ जुन स्वस्थको लागि अति नै आवश्यक र राम्रो हो। साधारण प्रकारको कोरियन खाना पनि पौष्टिक तत्वलाई ख्यालमा राखेर बनाईएको हुने भएकोले स्वस्थको हेराईबाट खानालाई राम्रो मान्न सकिन्छ तर नेपाली खाना भन्दा भिन्न प्रकारले तयार गरिएको, नेपाली स्वाद भन्दा अलग लाग्ने खाना सुरू सुरूमा रुचाउन कठिनै पर्दछ। शुरुका दिनहरुमा कोरियन खाना नरुचाउने र खान गाह्रो भै नैराश्य आउन सक्छ। समय मिले सम्म धेरै नेपाली श्रमिकहरुले कम्तिमा पनि एक छाक आफ्नै नेपाली स्वादको खाने गरेको पाईन्छ। बस्ने ठाउँमा खाना बनाउने ब्यवस्था भएमा नेपाली परिकार खान सक्ने र विस्तारै कोरियन खानामा आदत लाग्नाले समस्या कम हुन्छ।

कोरियन समाजमा पेय पदार्थलाई बढि प्रयोग गरिने गरिन्छ। विवाह भत्तेरमा, पार्टिमा, कुनै पनि कार्यक्रमको रात्रि भोजमा तथा अन्य कार्यक्रममा पेय पदार्थ अधिक प्रयोग गरिने गरिन्छ। कोरियनको संस्कृती अनुशार, जस्ले बढि पेय पदार्थ पिउन सक्छ त्यसलाई असल मान्ने चलन छ। यहाँ प्रस्तुत गर्न खोजिएको कुरा के हो भने, कोरियामा आइसके पछि पेय पदार्थ प्रयोग गर्ने बानी हुने र बानी परिसकेकालाई रफ्तार बढ्ने हुन्छ। यसले गर्दा कोरियनहरुसँग मात्र नभई नेपाली नेपालीबिचमा बसेर पनि पेय पदार्थ पिउने चलन धेरैको पाईन्छ। मुख्य रुपमा रात्रिकाम गर्नेहरुमा दिउसो सुत्न गाह्रो भएमा, केहि मादक पदार्थखाने र सुत्न कोशिस गर्ने जुन पछि गएर लत नै बस्ने गर्दछ।

५.१.४. तलब तथा भत्ता दिने व्यवस्था

मझौला खालका कम्पनीहरुमा र अलिक ब्यवस्थित कम्पनीहरुमा तलब तथा भत्ता दिने व्यवस्था गरेको भएता पनि धेरै जसो कम्पनीहरु जसमा थोरै कामदारहरु हुन्छन् र आफ्नो कम्पनीको उत्पादन विक्रि गर्नको लागी सिजन पर्खनु पर्छ, तलब समयमा नदिने र भत्ताको पनि राम्रो ब्यवस्था छैन्। विषेश गरेर, कृषी, मत्स्यपालन तथा अवैधानिक कामदारहरुको लागि यस्ता समस्यहरु अधिक देख्न सकिन्छ। साधारणतय काम गरेको न्युनतम तलब दिने भएता पनि बस्न तथा खानको लागि पैसा कटाउने गरेका ठाउँहरु समेत भेटिएका छन्।

५.२. नेपालीहरुको मृत्युका अवस्था

कोरियामा रोजगारको सिलसिलामा आएका नेपालीहरुको संख्या दिन-दिनै बढ्दै गएको छ। यसको सँगै मृत्यु हुने सँख्या पनि बढ्दै गएको छ। मुख्यतय, कोरियामा मृत्यु भएका नेपालीहरुलाई मृत्यु हुने तरिकाको आधारमा निम्न प्रकारले वर्गिकरण गर्न सकिन्छ

५.२.१. साधारण मृत्यु (कारण अवगत भएको वा खुलेको मृत्यु)

यसमा मृत्युहुनुका कारणहरु प्रष्ट खुलेका हुन्छन्। जस्तै कुनै ब्यक्तिलाई अगाडि देखि नै कुनै प्रकारको रोग लागेको त्यसैबाट प्रभावित भएर मृत्यु हुनु, काल गतिले गर्दा हुने अर्थात औधोगिक दुर्घट्ना तथा सवारी दुर्घट्नावाट हुने मृत्यु वा झैझगडाबाट हुने मृत्यु। विषेश

गरेर दुर्घटनाबाट हुने मृत्यु चाहे त्यो औधोगित क्षेत्रमा होस वा सवारी दुर्घट्नाबाट होस-यसमा पर्दछ।

५.२.२. असाधारण मृत्यु

यस बर्गमा प्रष्टसँग मृत्युका कारणहरु नखुलेका अर्थात देख्दा कारणहरु साधारण भएपनि यसको पछाडि कुनै विषेशकारण हुन सक्ने सम्भावित मृत्युहरु पर्दछन्। विषेशत: यस समितीले यस्ता प्रकारका मृत्युलाई गहिराईसम्म खोतेलेर यसका सम्भावित कारणहरुको बारेमा छलफल गरेको छ। यसलाई पनि दुई वर्गमा विभाजन गरिएको छ।

क) आत्महत्या गरि हुने मृत्यु

नेपालबाट रोजगारको सिलसिलामा आएका नेपाली श्रमीकहरु धेरै जना आफै झुण्डिएर वा अन्य तरिकाबाट आत्माहत्या गरेका छन्। आफ्नो परिवारलाई नेपालमा छोडि विदेशमा गएर राम्रो आर्थिकोपार्जन गर्ने र नेपालमा परिवारहरुलाई सहयोग गर्ने तथा आफुलाई पनि आर्थीक रुपमा दरिलो बनाउने मनासयबाट आएका नेपाली युवा तथा युवतीहरु अन्तमा मृत्युको मुखमा जान वाध्यका कारणहरु के हुन सक्छन्? यस समितीले अध्ययन गरेका धेरै मुद्धाहरुमा नेपालीहरु आफै हत्या गर्ने गरेका उदाहरणहरू छन्। मुख्यतय: आफ्नो आवास तथा काम गर्ने ठाउँमा वा अन्य ठाउँमा बिभिन्न साधन प्रयोग गरि पासो लागेर वा अग्लो ठाउँबाट हाम फालेर मृत्यु भएको पाइएका छन्। यसरी आत्माहत्या गर्नेहरुमा साधारणतय ९०% मानिसहरु मानसिक डिप्रेशनको कारणले हुने गर्दछन्। डिप्रेशन बिभिन्न कारणले गर्दा हुन सक्छ जस्तै मानसीक विरामी, आशाविहिन हुनु, औसधीको असर, व्यक्तिगत पहिचानको समस्या (आफ्नो ओहोदा गुमाउनु तथा पहिचान गुमाउनु) आदि। अनुसन्धानबाट प्रमाणित भैसकको छकि, स्ट्रेस (विभिन्न प्रकारबाट हुने) डिप्रेशनसँग गासिएको हुन्छ भने डिप्रेसन आत्माहत्यासँग। यसरी हेर्ने हो भने, स्ट्रेस प्रत्यक्ष रुपमा आत्माहत्यासँग गासिएको हुन्छ।

ख) सुतेको/बसेको अवस्थामा हुने मृत्यु

नेपाली कामदारहरु सुतेको ठाउँमा वा वसेको ठाउँमा अचानक असजिलो भई तुरुन्तै प्राण त्याग्ने गरेको पाइको छ। यसरी हुने मृत्युहरुका पुलिस वा पोस्ट मार्टम रिपोर्टहरुमा

विस्तृत जानकारी नभई साधारणतया कि त हृदयघात वा स्वासप्रस्वासमा अबरुद्ध वा अचानक मृत्यु वा (सड्न मेनहुड डेथ सिनड्रम)भन्ने कुराहरु उल्लेख गरेको छ। यसरी मृत्यु हुने ब्यक्तिहरुमा बाहिरि चोट नदेखिने र आन्तरिक रुपमा अनबिज्ञ कारणले उसका सम्पुर्ण शारिरक अंगहरुमा शिथिलता आई हृदयघात भइ मृत्यु हुने सम्भावना देखिन्छ। सुतेको ठाँउमा बिभिन्न कारणले हुन सक्ने मृत्यु मध्येमा रक्तचाप बढि भइ हुने, मानसिक तथा शारिरीक रुपले थकित शरिरमा पर्याप्तमात्रमा आराम नभएमा वा सुताई कमि भएमा त्यसवाट अप्रत्यक्ष रुपले हुने प्रभाबबाट तथा वंशाणुगत आएका रोगहरुबाट पर्दछन्। भर्खरैमात्र अनुसन्धानबाट पत्ता लगाएको रोग (पहिलो पटक रिपोर्ट, १९९२ सन्) सड्न मेनहुड डेथ सिनड्रम (Sudden manhood death syndrome or) बाट युवा तथा युवतीको विषेश गरेर सुतेको बेला तथा अचानक मृत्यु हुने गर्दछ। यस्तो प्रकारको लक्षण एसियन मुलका मानिसहरुमा बढि देखिएको छ। साधारणतय मुटुको धड्कनमा अनियमितता आएर मृत्युहुने यस प्रकारको रोगबाट धेरै युवा युवतिहरु पिडित हुन्छन्। बिभिन्न अनुसन्धानपत्रबाट लिएको जानकारी अनुसार, यस रोगबाट मृत्युहुनेहरुमा ४ देखि १२% मान्छे अचानक हुने मृत्युमा पर्दछन् भने युवाहरुमा यो अझ बढी छ। यसलाई मुटुको धट्कन मापक यन्त्रबाटमात्र थाहा पाउन सकिन्छ, त्यसमा पनि यो सधै एकै प्रकारले संकेत दिन स्थितिमा नरहने हुनाले पत्तालगाउन मुस्किल पर्दछ। जापान र फ्रान्समा गरेको अनुशन्धानबाट १००० जना मध्ये १ जनालाई स्वस्थ्य मान्छेमा यसको लक्षण देख्न सकिन्छ। यो लक्षण देखिएका ६०% मान्छेहरुमा यो रोग बंशानुगत रुपमा सर्न सक्छ।

५.२.३. मृत्यु भएका ब्यक्तिहरुको पूर्ण सूची

१) स्व. भीमकुमार गुरुङ

नेपालको सुन्सरी धरान -११ घर भई पास पोर्ट नम्बर: **१९५ १६६७** भएका, सन्जिब गुरुङको छोरा, स्व. भीम कुमार गुरुङको मे १५, २००७, का दिन अचानक मृत्यु भएको थियो। सीपमा काम गर्ने उनी, मे १० को दिन सीपमा नै सामान लोडिङ गर्नको लागी सहकर्मि सहिद क्वाङनाम पोर्टमा गएका थिए। उनी मे १५ को बिहान खाना खाने बेलामा खाना नै नखाईकन ठाउँ बाट निस्किएर गएका थियो। त्यहि दिन दिनको ११ बजे, सोहि सीपको उनि सुत्ने कोठाको सोफामा मृत अवस्थामा भेटिएका

थिए। उनी सँगै बस्ने अर्का नेपाली, कृष्णराज पनि त्यहि थिए। स्व. गुरुङको पहिले कुनै प्रकारको रोग नभएको, कोहिसँग पनि सत्रुता नभएको तथा उनको शरिरमा (भित्र तथा बाहिर) कुनै प्रकारको चोट पटक समेत नदेखिएकोले गर्दा उनको मृत्यु प्राकृतिकरुपले स्वतः हुने शरिरको समस्याको कारणले भएको हुने कुरा रिपोर्टमा जनाईएको छ।

२) स्व. दिपक सुबेदी

दीपक सुबेदीको जन्म मार्च २८, १९८१ मा भएको हो। उनी आफूले काम गर्ने कम्पनीमा झुन्डिएको अवस्थामा फेला परेका थिए । विवाहित उनी सेप्तेम्बर १४ २००७ मा आत्महत्याको कारण मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ। उनी कोरिया प्रवेश गरेको कहीले भन्ने खुलेको छैन।

३) स्व. निल कान्त न्यौपाने

निल कान्त न्यौपानेको जन्म जुलाई ११ ,१९६८ मा भएको हो।विवाहित उनको अप्रिल १६,२००८ मा मृत्यु भएको हो। औधोगिक दुर्घटानमा उनको मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ।

४) स्व. पेमा लामा

पेमा लामाको जन्म अक्टोबर ३ ,१९७८ मा भएको हो। अप्रिल ४ ,२००८ मा मृत्यु भएको उल्लेख छा तर सबै बिवरण उपलब्ध हुन सकेन ।

५) स्व. वाङ्दी बिष्ट

वाङ्दी बिष्ट को जन्म जनवरी १८,१९७१ मा भएको हो। जुलाई २ २००८ मा मृत्यु भएको तर थप बिवरण उपलब्ध हुन सकेन ।

६) स्व. सुशिल राना

सुशिल रानाको जन्म डीसेम्बर २ ,१९७१ मा भएको हो। जुलाई २८ २००८ मा अज्ञात कारणले मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ। उनी आफू काम गर्ने

कम्पनी अगाडीको रोडमा मृत अवस्थामा फेला परेका थिए । उक्त रिपोट याङ्जु प्रह्रीले बनाएको हो।

७) स्व. रोशनकुमार शाही

रोशनकुमार शाहीको जन्म अगष्ट १७ ,१९७३ मा भएको हो। विवाहित उनी अगष्ट २ ,२००८ मा मृत अवस्थामा फेला परेका थिए । थप बिवरण आउन सकेको छैन।

८) स्व. ऋषीराम भन्डारी

ऋषीराम भन्डारीको जन्म डिसेम्बर ४ १९७९ मा भएको हो। उनको मृत्यु अक्टोबर ७ २००८ मा भएको हो। अक्टोबर २७ ,२००६ मा कोरिया प्रवेश गरेका उनी काम गर्ने कम्पनी नजिकै रुखमा झुन्डिएको अवस्थामा फेला परेका थिए। प्रहरी रिपोर्टमा उनको मृत्युको कारण आत्महत्या भएको उल्लेख छ। तर किन आत्महत्या गरे भन्ने बारे केही खुल्न सकेन ।

९) स्व. शक्तीमान तामाङ्

शक्तीमान तामाङ्को जन्म नोभेम्वर २५ ,१९८५ मा भएको राहदानीमा उल्लेख छ। अविवाहित उनको मार्च २२ २००९ मा मृत्यु भएको हो। उनी कोरिया मई २००८ मा आएका हुन्। प्रहरी रिपोटमा बताईए अनुसार फुट्बल खेल्दा खेल्दै उनको मृत्यु भएको थियो। अचानक बेहोस भएको र अस्पताल लांदा लांदै मृत्यु भएको बताईएको थियो।

१०) स्व. प्रताप गुरुङ

अप्रिल १९ ,१९७३ मा जन्मिएका प्रताप गुरुङको मृत्यु अप्रिल २२ ,२००९ मा भएको हो। थप बिवरण उपलब्ध छैन।

११) स्व. बुद्दराज गुरुङ

डिसेम्बर ७ ,१९७० मा जन्मिएका उनको मई २२ ,२००९ मा मृत्यु भएको हो। थप बिवरण उपलब्ध छैन।

१२) स्व. इन्दु कान्त कोईराला

मार्च २२ ,१९६९ मा जन्मिएका उनको अक्टोबर२५ २००९ मा मृत्यु भएको हो। डिसेम्बर १० ,२००६ मा कोरिया आएका उनको मृत्युको कारण अज्ञात भएको जनाईएको छ। काम सकेर आफ्नो कोठामा सुतेका उनी बिहान मृत अवस्थामा फेला परेका थिए । प्रहरी रिपोर्टमा उनको मृत्युमा अन्य बाह्य कारण नभएको उल्लेख छ।

१३) स्व. कर्णबहादूर थापा

मार्च २४, १९४६ जन्मिएका कर्ण बहादूर थापाको मृत्यु नोभेम्बर १२ ,२००९ मा भएको हो। बिवाहित उनी दिसेम्बर १० ,२००९ मा कोरिया आएका थिए। पार्क वे होटलमा मिर्त अवस्थामा फेला परेका थिए ।

उनी भ्रमण भिषामा कोरिया आएका थिए| उनी कोरिया आउने जाने गर्ने गरेको उल्लेख छ।

१४) स्व. श्यामबहादूर गुरुङ

श्यामबहादूर गुरुङको जन्म मिती खुल्न सकेन । विवाहित उनको दिसेम्बर २९,२००९ मा मृत्यु भएको हो। प्रहरी रिपोर्टमा उल्लेख भए अनुसार उनको मृत्युको कारण आन्तरिक नभएर बाह्य भएको उल्लेख छ। उनले आत्महत्या गरेका थिए । उनको कुनै रोग नभएको उल्लेख छ।

१५) स्व. ज्ञानप्रसाद रेग्मी

मार्च ७ ,१९८२ मा जन्मिएका ज्ञानप्रसाद रेग्मीको मृत्यु जनवरी १६ ,२०१० मा भएको हो। प्रहरी रिपोर्टमा उलेल्ख भए अनुसार् उनको मृत्युको कारण आन्तरिक नभएर बाह्य भएको उल्केख छ। उनी मोटेलमा मृत अवस्थामा फेला परेका थिए। उनी १६० सेन्टिमिटर अग्लो ठाउबाट झुण्डिएका थिए । अर्थात् उनले झुन्डिएको र जमिनको भागको फरक १६० सेमी रहेको उलेल्ख छ।

१६) स्व. बलराम न्यौपाने

जुन १८ ,१९७२ मा जन्मिएका बलराम न्यौपानेको मृत्यु फेब्रुवरी ४ २०१० मा भएको हो। प्रहरी रिपोर्टमा उल्लेख भए अनुसार उनले बाथरुमा झुन्डिएर आत्महत्या गरेका थिए ।

१७) स्व. प्रेमबहादूर तामाङ्

मई १६ ,१९८६ मा जन्मिएका प्रेमबहादूर तामाङ्को मृत्यु जुलाई २३,२०१० मा भएको हो। विवाहित उनको औधोगिक दुर्घटनाको कारण मृत्यु भएको थियो। माथि झुन्डिएको दाई टाउकोमा खसेर उनको मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ।

१८) स्व. ज्ञानु छेत्री

डिसेम्बर ९,१९७० मा जन्मिएका ज्ञानु छेत्रीको मृत्यु जनवरी २३ ,२०११ मा भएको हो। विवाहित उनको ट्राफिक दुर्घटनामा मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ।

१९) स्व. दिनेश अधिकारी

अगष्ठ १० १९७६ मा जन्मिएका दिनेश अधिकारीको मृत्यु नोभेम्बर १३ ,२०१० मा भएको हो। बिवाहित उनको मृत्यु कारण बारे थप बिवरण आउन सकेन । घटना बारे ईन्छन प्रहरीले हेरेको उल्लेख छ।

२०) स्व. कर्न ब. राना

अक्टोबर,२२ २०१० मा कर्न ब. रानाको राती सुकेको ठाउँमा नै मृत्यु भएको थियो। मुटुको गति बन्द भई अचानक मृत्यु भएको कुरा पुलिस रिपोर्टमा छ। सन् १९७४ मार्चमा जन्मिएकक, उनी करैहिया-२, रुपनदेहीबाट कोरिया आएका थिए।

२१) स्व. मानबहादूर दर्लामी

अगष्ठ २१,१९९० मा जन्मिएका मानबहादुर दर्लामीको मृत्यु मार्च ३० ,२०११ मा भएको हो। अविवाहित उनले झुन्डिएर आत्महत्या गरेका हुन्। प्रहरी रिपोर्टमा उल्लेख भए अनुसार उनको अन्य रोग नभएको र उनलाई झुण्डिएको अवस्थामा पाईएको उल्लेख छ।

२२) स्व. श्रवणराज पन्त

अगष्ठ २२, २०८० मा जन्मिएका श्रवण राज पन्तको मृत्यु मई ९,२०११ मा भएको हो। बिवाहित उनी औधोगिक दुर्घटनाको कारण जिवन समाप्त पार्न बिवश भएका थिए। कम्पनीको काम सकेर सफा गर्ने क्रममा माथीबाट डाई खसेर उनको टाउकोमा लागेको थियो। घटना स्थलमा नै बेहोश भएका उनलाई अस्पताले मृत घोषणा गर्यो । त्यही कम्पनिमा गएर बुझ्दा दिउसो उक्त क्रेन सफा गरिएको र पछी फिटिङ राम्रो नभएकोले झरेको त्यही काम गर्ने नेपालीहरूले अनुमान लगाए । उनी भुई सफा गर्दै थिए एक्कासी डाई उनको टाउकोमा बज्रन पुगेको थियो।

२३) स्व. रुद्र गुरुङ

जनवरी २१,१९७१ मा जन्मिएका रुद्र गुरुङको मई २४,२०११ मा मृत्यु भएको हो। बिवाहित उनको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । सुवनको क्याथोलिक अस्पतालमा उपचारको क्रममा उनको निधन भएको हो।

२४) स्व. धनराज घले

अक्टोबर ३१,१९७० मा जन्मिएका धनराज घलेको जुन १२,२०११मा मृत्यु भएको हो। बिवाहित उनले झुन्डिएर आत्महत्या गरेका थिए । प्रहरी रिपोर्टमा उनको मृत्युको कारण बाह्य भएको उलेल्ख छ।

२५) स्व. बिष्णुबहादूर केसी

मार्च २८,१९७८ मा जन्मिएका बिष्णु बहादुर केसीकी जुन १८,२०११ मा मृत्यु भएको हो। बिवाहित उनको अचानक मृत्यु भएको थियो। राती सुतेको उनी बिहान मृत अवस्थामा फेला परेका थिए।

२६) स्व. उज्वल आचार्य

उज्वल आचार्य अगष्ठ २२ ,१९८६ मा जन्मिएका हुन्। अविवाहित उनको जुन २९,२०११ मा अज्ञात रोगको कारण मृत्यु भएको हो। प्रहरी रिपोर्टमा उनी कोठामा

सुतेको ठाउमा मृत फेला परेको र अन्य कुनै चोट पटक नदेखिएको र आन्तरिक केही कारण नखुलेको उल्लेख छ।

२७) स्व. लोकबहादूर गुरुङ

डिसेम्बर ११, १९६२ मा जन्मिएका लोकबहादूर गुरुङको मृत्यु अगष्ठ ५,२०११ मा भएको हो। बिवाहित उनी दुर्गघटनामा परेर मर्न वाध्य भएका थिए। प्रहरी रिपोर्ट अनुसार बुङ्गुर कम्पनीमा काम गर्दागर्दै दुर्घटनामा परेका थिए । बङ्गुरको खोर सफा गर्ने क्रम चिप्लिएर खाडल (बुङ्गुरको दिशा राख्ने खाडल)मा पुरिएको अवस्थामा भेटेका थिए । उनको भिषा थिएन ।

२८) स्व. इन्द्रबहादूर सुनुवार

ईन्द्र बहादूर सुनारको कोरियामा रहस्यमय मृत्यु भएको थियो । उनको मृत्युको कारण सम्म थाहा हुन नपाउँदै मृतक सुनारको शवलाई रहस्यमय ढङ्गले दूई साता अघि कोरियामै अन्त्यष्टि गरिएको समाचार प्रकाशित भएका थिए । गुल्मी घर भएका सुनार विवाहित हुन्। उनको कोरिया आएको १३ बर्ष पछि मृत्यु भएको हो।

२९) स्व. रमेश कोईराला

मई १५,१९८५ मा जन्मिएका रमेश कोईरालाको मृत्यु डिसेम्बर १९,२०११ मा भएको हो। अबिवाहित उनको औधोगिक दुर्घटनामा परेर मृत्यु भएको हो। प्रहरी रिपोर्टमा उनको मृत्यु कम्पनीमा अकमा गर्दा गर्दै दुर्घटननामा परेर उपचारको क्रममा निधन भएको उल्लेख छ।

३०) स्व. पदम पन्त

सेप्टेम्बर ३०, १९८५ मा जन्मिएका पदम पन्तको मृत्यु मार्च २३ ,२०१२ मा भएको हो। अविवाहित उनको मृत्यु आत्महत्याको कारण भएको हो । प्रहरी रिपोर्टमा उनी सलले झुण्डिएको अवस्थामा फेला पारेको उल्लेख छ।

३१) स्व. ज्ञानबहादूर गोतामे

ज्ञानबहादूर गोतामे ईपिएस मार्फत एग्रिकल्चर सेक्टरमा काम गर्न आएका हुन्। उनी कोरिया आएको ४० दिनमै आत्माहत्या गर्ने प्रयास गर्दा गर्दै संगै रहेका उनका एक नेपाली साथीले उद्दार गरी छल्नानाम्दो यूनीभर्सिटी हस्पिटलमा लगी उपचार गराएका थिए । तर अस्पातामा उपचारको लागि प्रयास गरेपनी उनको उपचार भने सम्भव हुने सकेँन र उनी मृत घोषित भए ।

३२) स्व. ललितप्रसाद फोम्बो

तेह्रथुम जिल्ला स्थाई घर भएका २४ बर्षिय ललित प्रसाद फोम्बोको मृत्युको कारण स्वास प्रस्वासको कारण भएको प्रहरी रिपोर्टमा उल्लेख छ। कोरिया आएको १ महिनामा उनको निधन भएको थियो। लामाका अनुसार फेन्थेक स्थित उन्सान्मी छिउ सान्नप कम्पनीमा कार्यरत फोम्बोको स्वास्प्रस्वासमा समस्या भए पछि अस्पतालमा लांदै गर्दा बिच बाटोमा नै निधन भएको थियो। उनी अविवाहित हुन्।

३३) स्व. लक्ष्मीप्रसाद गुरुङ

अक्टोबर १३,१९७४ मा जन्मिएका लक्ष्मीप्रसाद गुरुङको जुन,११,२०१२ मा मृत्यु भएको हो। सेप्टेम्बर ६,१९९१ मा कोरिया आएका उनको दुर्घटनामा मृत्यु भएको हो । कन्स्ट्रक्सन सम्बन्धी काम गर्ने उनी अग्लो भवन बाट खसेको र घटना स्थलमा नै उनको मृत्यु भएको उल्लेख छ।

३४) स्व. ओमप्रसाद शेरचन

जुलाई २१ ,१९८९ मा जन्मिएका शेरचनको मृत्यु जुलाई २३ ,२०१२ मा भएको हो । अविवाहित उनको मृत्यु आत्महत्याको कारण भएको प्रहरी रिपोर्टमा उल्लेख छ। उनले आफू बस्ने अपार्टमा रहेको बाथरुमा झुन्डिएर आत्महत्या गरेका थिए ।

३५) स्व. नविनकुमार गुरुङ

अप्रिल २५ ,१९८६ मा जन्मिएका नविनकुमार गुरुङको मृत्यु जुलाई २५,२०१२ मा भएको हो। अविवाहित उनी अपार्टको १५ औं तलाबाट हाम फालेर आत्महत्या गरेका थिए । उनले आत्महत्या गर्नु अघि नेपाली दूतावासललाई आफूले आत्महत्या गर्ने जानकारी (धम्की) दिएका थिए । उनको त्यस्तो धम्की आएपछि दूतावासले नजिकैको प्रहरीलाई खबर गरेको तर प्रहरी पुगेर नेट (जाली) राख्न नपाउंदै उनी हाम फालेका थिए । उनको घटना स्थलमा नै मृत्यु भएको थियो।

३६) स्व. खेमबहादूर ढेंगा

अक्टोबर ३१,१९७२ मा जन्मिएका खेमाबहादूर ढेंगाको मृत्यु फेब्रुवरी १२,२०१३ मा भएको हो। बिवाहित उनको अचानक मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ। कम्पनीले दिएको अपार्टमा सुतेको अवस्थामा नै उनको मृत्यु भएको थियो।

३७) स्व. राजकुमार गुरुङ

राजकुमार गुरुङको मृत्युको कारण आत्महत्या भएको प्रहरी रिपोर्टमा उल्लेख छ। तनहुँ स्थाई घर भएका उनी २१ बर्षका थिए । गुरुङले कमाएको पैसा आमा र श्रीमती दुबैले आ आफूले राख्न पाउनुपर्ने बिवाद हुंदै आएको जानकारी पाईएको थियो। कोरिया आएको २१ महिनामा उनको मृत्यु भएको हो।

३८) स्व. यज्ञमुर्ती पाण्डे

रुपन्देही देबदह स्थाई घर भएका यज्ञमुर्ती पाण्डेको मृत्युको कारण सडक दुर्घटना भएको प्रहरी रिपोर्टमा उल्लेख छ। कम्पनीको काम सकेर बाहिर सडकमा हिड्दै गर्दा एक एक नीजी कारले ठक्कर दिदा पाण्डे गम्भीर घाईते भएका थिए। दुर्घटना हुने बित्तिकै उनी संगै हिंडेका बुद्ध गुरुङले नजिकैको हस्पतालमा पुर्‍याएको र उक्त अस्पतालले सङ्गु क्याथोलिक अस्पतालमा रिफर गरीपछी सोही अस्पतालको अती सघन उपचार कक्षमा उपचार हुदा हुदै उनको मृत्यु भएको थियो। कोरिया आएको २ बर्षमा उनको मृत्यु भएको उनी बिवाहित हुन्।

३९) स्व. सिद्दीप्रसाद राई

इलाम माबु वडा न ८ का ३२ बर्षिया सिद्दीप्रसाद राईको मृत्युको कारण हिर्दयघात भएको प्रहरी रिपोर्टमा उल्लेख छ। आफू सुत्ने कोठामा मृत अवस्थामा फेला परेका उनी हुन्डाई कम्पनीको गाडीको सिट बनाउने आसान स्थित एओमेओएन जीन इन्डर्ष्टियल कम्पनीमा कार्यरत थिए। राती दश बजे सामान्य अवस्थामा सुतेको तर बिहान मृत अवस्थामा भेटिएको थिए। उनी बिवाहित हुन्। कोरिया आएको २ बर्षमा उनको मृत्यु भएको हो।

४०) स्व. सोमकुमार गैरे

भैरहवाका ३६ बर्षिया सोम कुमार गैरे आफु सुतैकै कोठामा मृत अवस्थामा फेला परेका थिए। कोरियाको गङ्नामस्थित हानान्सीमा कम्पनीकै कोठामा उनी मृत्त अवस्थामा भेटीएका हुन। प्रहरी रिपोट्र्मा उनको मृत्युेको कारण ह्रृद्यघात भएको उल्केख छ। कोरिया आएको ४ महिना उनको मृत्यु भएको थियो । मृत्यु हुंदा अवैधनिक रहेका उनी बिवाहित हुन्।

४१) स्व. राजेशकुमार राई

झापा बिर्तामोडका राजेशकुमार राईको कम्बोडियाली नागरिकको आक्रमण बाट मृत्यु भएको हो। ईपीएसबाट कोरिया आएका उनी आएको ११ महिनापछि मारिएका थिए। ३५ बर्षिया राईलाई सामान्य बिवादका कारण आक्रमण गरी मारिएको हो। उनी विवाहित हुन्। उनले बिदेशि नागरिक संगै खाना बनाएर खाने गर्थे । जानकारी अनुसार किचेन एउटै भएकोले खान बिषयमा उनीहरू बीच पहिले पनी बिबाद हुने गर्थ्यो।

४२) स्व. सीता दर्जी

कोरियन नागरिक संग विवाह गरेर कोरिया आएकी सिता दरजीको मृत्यु मई ८ ,२०१३ मा भएको हो। प्रहरी रिपोर्ट अनुसार उनको मृत्यु कारण प्राकृतिक रहेको छ। उनको कोरियन नागरिकको घरमा मृत्यु भएको उल्लेख छ।

४३) स्व. अर्जुन पन्त

अर्जुन पन्त ईपिएस मार्फत कोरिया आएका हुन्। गुल्मी हर्दीनेटा गाविस वडा न ६ स्थाई ठेगाना रहेको पन्तको मृत्युको कारण आत्महत्या भएको प्रहरी रिपोर्टमा उल्लेख छ। कोरिया आएको १ बर्षमा उनको मृत्यु भएको थियो।

गुल्मी संपर्क समिती कोरियाका अध्यक्ष शंकर रानाले बताए अनुसार केही समय अघि देखी आफू घर (नेपाल) जाने बताउंदै आएका पन्त राती १ बजे आफू कार्यरत कम्पनीको गाडी पार्किङ गर्ने ठाउंमा सल(खादा)ले झुन्डिएर आत्महत्या गरेको अवस्थामा फेला परेका थिए। २३ बर्षिया पन्त थेगु स्थित मिह्रोङ सान्नप कपडा कम्पनीमा कार्यरत थिए। उनी एक हप्ता पछी नेपाल जाने तयारी गर्दै थिए। उनी अविवाहित थिए।

४४) स्व. गौरी तामाङ

गौरी तामाङ कोरियाली नागरिक संग विवाह गरी सन् २०१२ अगष्ठमा कोरिया भित्रिएकी हुन् । धादिङ् घर भएकी २४ बर्षिया तामाङको मृत्युको कारण आत्महत्या भएको प्रहरी रिपोर्टमा उल्केख छ। ख्यङ्बुक स्थित आफू बसेको कोठामा झुण्डिएर उनको मृत्यु भएको रिपोर्टमा जनाईएको छ। बिहान काममा गएका उनका कोरियाली श्रीमान् मध्यान्ह घर आउँदा श्रीमतीलाई कोठामा झुन्डिएको अवस्थामा फेला पारेपेछी प्रहरीलाई खबर गरेका थिए। अघिल्लो रात दुवै जना संगै सुतेको र उनीहरू बीच मनमुटाव रहेको वा नरहेको भने पता लाग्न सकेन। कोरिया आएको १० महिना पछि उनको मृत्यु भएको थियो।

४५) स्व. लोकेन्द्र मगर

लोकेन्द्र मगर ईपिएस मार्फत आएका भोजुपुर तम्मे ८ का ३१ बर्षिया उनी आफु सुतेकै कोठामा मृत फेला परेका हुन् । कोरिया आएको १३ महिनामा उनको मृत्यु भएको हो। ख्यङं्गीदो स्थित पुछनमा रहेको फर्निचर कम्पनीमा कार्यरत उनी त्यो दिन बिहान ६ बजे मृत अवस्थामा त्यही कम्पनीमा कार्यरत एम गुरुङ्ले भेटेका थिए। । अनुसन्धानमा उनको मृत्युको कारण हृदयघात भएको बताईएको थियो। ।सो कम्पनीमा दुई जना नेपाली कार्यरत थिए । उनका एक पत्नी र एक छोरी रहेकाछन्।

४६) स्व. राजेश महर्जन

राजेश महर्जन ईपिएस मार्फत कोरिया आएका हुन्। ललितपुर झोछी -२ स्थाई ठेगाना रहेको उनको मृत्यु श्वास प्रश्वासमा समस्याका कारण भएको र अन्य कुनै रोग नभएको प्रहरी रिपोर्टमा उल्लेख छ। उल्सान स्थित कोरिया स्पेसल ग्याईन्डिङ् ह्वील कम्पनीमा काम गर्दै आएका उनलाई बिहान साढे २ बजे श्वास फेर्न समस्या भए पछी सोही कम्पनीमा कार्यरत नेपाली साथिहरूले कम्पनी मालिक र एम्बुलेन्सलाई फोन गरेको तर चिकित्सक आउन नपाउंदै उनको मृत्यु भएको थियो। ३२ बर्षिया महर्जन कोरिया आएको ४ बर्षमा मृत्यु भएको हो । उनी विवाहित हुन्।

४७) स्व. शैलेन्द्र थापा

शैलेन्द्र थापाको कार दुर्घटनामा मृत्यु भएको हो। दाङ तुल्सीपुरका स्थाई ठेगाना रहेको उनको थेगुको ईल्याङ भन्ने ठाउँमा कार दुर्घटनामा परी मृत्यु भएको थियो। थेगु भिजन चर्चका पास्टर अमृत थापा मगरका अनुसार मृतक थापा बेलुका काम सकेर नवराज न्यौपाने र विनोद बिकसहित कारमा घुम्न बाहिर निस्केका थिए । विनोद बिकको नाममा रहेको सो कार चितवनका नवराज न्यौपानेले चलाएका थिए। नजिकैको बजारमा मादक पदार्थ सेवन गरेर फर्कने क्रममा राति १२.३० बजेतिर न्यौपानेले इल्याङ भन्ने ठाउँमा उभिइरहेको ट्रकमा कार ठोक्काएका थिए ।

बिक र न्यौपाने सुरक्षित रहे पनि फ्रन्ट सीटमा रहेका थापाको तत्काल उपचार हुन नसकेपछि घटनास्थलमै मृत्यु भएको प्रहरी रिपोर्टमा उल्लेख छ। अविवाहित मृतक थापा मत्स्यपालन भिसामा कोरिया आएर बिगत ४ वर्षदेखि मोबाइलको पार्टपूर्जा बनाउने देह्वा नामक कम्पनीमा अवैधानिकरुपले काम गर्दै आएका थिए । त्यहाँ २१ नेपाली कार्यरत छन् । कोरिया आएको ४ बर्ष १० महिनामा उनको मृत्यु भएको हो।

४८) स्व. तोयराज भट्ट

ईपीएस मार्फत कोरिया आएको १६ महिनामा तोयराज भट्टको मृत्यु भएको थियो । कन्चनपुर महेन्द्रनगर-७ स्थाई घर भएका ३२ बर्षिया भट्ट कोरियाको ख्यङगीदो

स्थित याङजु शरमा रहेको योसुङ फुड कम्पनीमा कार्यरत थिए। राती संगै खाना खाएर सुतेका भट्ट् बिहान मृत अवस्थामा फेला परे पछी कम्पनी मालिक र प्रहरीलाई खबर गरेको थियो। मृत्युको कारण हृदयघात भएको प्रहरी रिपोर्टमा उल्लेख छ। सो कम्पनीमा ३ जना नेपाली कार्यरत रहेका थिए। उनको एक श्रीमती र दुई छोरा छन्।

३९) स्व. रवी अर्याल

रवी अर्यालको स्थाइ घर गोरखा पृथ्वीनारायण नगरपालिका हो। ३० वर्ष उमेर रहेको उनको अर्यालको शनिबार खोलामा डुबेर मृत्यु भएको हो । अर्याल प्यान्थेकस्थित सर्सिस लिप कम्पनीको कामदार हुन् । त्यहा कार्यरत एक नेपालीका अनुसार अर्याल गर्मी बिदाको अवसरमा कम्पनीले ख्याङगीदो आनसङ को खोला किनारमा आयोजना गरेको वनभोज कार्यक्रममा सहभागी थिए । वनभोजस्थल नजिकै जमेको पानीमा पौडी खेलीरहेका उनी धेरै समयसम्म नफर्केपछि सँगैका साथीले उद्धार गरेका थिए तर, उनको मृत्यु भइसकेको थियो । प्रहरी रिपोरट अनुसार अर्यालको डुबेर मृत्यु भएको उल्लेख छ । फर्निचरको सामान उत्पादन गर्ने कम्पनीमा अरु एघार नेपाली कामदार कार्यरत थिए।

५०) स्व. दीपक चौधरी

मिति २०१३, मे १का दिन कोरिया आएका दीपको कुमार चौधरीको टेलीफोनमा कुरा गर्दै गर्दा अचानक बोल्न नसके पछि अस्पताल लैजाने तरखर गर्दा नै मृत्यु भएको थियो। सेप्टेम्बर १ २०१३ मा साथीको कोठामा दिउसो नेपालमा फोन मार्फत कुरा गर्दा गर्दै उक्त घट्ना घटेको थियो। उक्त कम्पनिमा स्थल गत निरिक्षण गर्दा र अन्य जानकारी लिदा कुनै प्रकारको असजिलो अवस्था देखिएको थिएन। कम्पनीमा काम गर्ने वातावरण तथा समय समयानुकुल रहेको, खाना खाने तथा आराम गर्ने समय छुट्याएको, बस्ने तथा काम गर्ने ठाउँमा पनि कुनै प्रकारको समस्या नदेखिएको भएतापनि मृतकले लामो समय देखि पेटको लागि भनेर खाने गरेको औषधी पेट सम्बन्धि नभई, मुटुसम्बन्धिको रहेको कुरा पोस्टमार्टममा सम्लग्न रहेका डाक्टरहरुले बताएको कुरा जानकारीमा आएको छ। यसबाट यो प्रष्ट हुन्छ की

मृतक कुनै प्रकारको मुटु सम्बन्धिको समस्या भएर औषधी खादै गरेको तर यसको जानकारी कुनै साथीहरुलाई पनि नदिएकोले मुटु सम्बन्धिकै समस्याबाट उनको मृत्यु भएको हुनुपर्छ।

५१) स्व. ईन्द्रबहादुर शेरचन

ईन्द्र बहादुर शेरचनको मृत्युको कारण हिर्दयघात भएको प्रहरी रिपोटमा उल्लेख छ। उनका साथीहरूले बताए अनुसार कम्पनी मालिकको अनावश्यक दवाबको कारण उनी तनावमा थिए । उनी संगै कोरिया आई संगै काम गर्दै आएका पर्वतका ताराबहादूर क्षेत्रीले भने अनुसार कम्पनी मालिकले तलवमा गढबढ गर्ने, अनावश्यक रुपमा गाली गलौज गर्ने गरेको र उनले कम्पनी सर्न अनेक पटक प्रयास गरेको तर कम्पनी मालिकको असहयोगका कारण त्यो सम्भव नभएकोले गर्दा पछिल्ला दिनमा उनी तनावमा रहेका थिए। कोरिया आएको २१ महिनामा उनको मृत्यु भएको थियो। उनी अबिवाहित थिए। मानसिक तनावमा थिए ।

५२) स्व. पिटर चाम्लिङ

दक्षिण कोरियाको छनान स्थित एक कम्पनीमा कार्यरत मोरगं उर्लावारी निवासी पिटर चामलिगंको मृत्यु सुतेको ठाउँमा नै भएको हो। चाम्लिगं इपिएस मार्फत कोरिया आएको ३ महिना पुग्न ३ दिन बाकी रहेको थियो । बेलुका खानपिन गरेर सुतेका चामलिगं सवा १२ बजे तिर छट्पटिएपछि एम्बुलेन्स बोलाएर अस्पताल लैजादा मृत्यु भइसकेको बताइएको छ। पाल्स्टिकको दाना बन्ने सो कम्पनिमा उनि सहित ४ जना नेपाली कार्यरत थिए । उक्त कम्पनिमा स्थलगत निरिक्षणबाट गर्दा, कम्पनि साधारण रहेको स्वस्थलाई प्रत्यक्षरुपमा हानीकारक पदार्थ नरहेको; बस्नको लागि २ कोठाभएको टहरो भएपनि भित्र पट्टि २ जनालाई सुत्न पुग्ने ठाउँ रहोको, निज ब्यक्तीलाई कुनै प्रकारको दिर्घरोग नलागेको, स्वभावले उ धेरै मिजासिलो र मिलनसार समेत रहेको कुरा थाहा भएको छ।

निरिक्षणको क्रममा, सुत्ने कोठा कम्पनीको बाहिर रहेको र त्यसको वरपर फलामको काम गर्ने ठुलो कम्पनी रहेको थियो। सो कम्पनिमा रात्रिकालिन र दिवाकालिन काम हुने गरेको थियो। सोहि कम्पनिमा काम गर्नेको भनाई अनुशार, रातीको

सिफ्टमा काम गरि दिउसो सुत्दा मेशिनहरुको आवाजले सुत्नलाई गाह्रो हुने कुरा बताएका छन्।

५३) **स्व. मोहन बिस्ट**

अक्टोबर १२ का दिन मात्रै कोरियामा डोटीका **मोहन बिस्टले** आत्महत्या गरेका थिए। कोरियामा नै रहेका उनका एक आफन्तको भनाई अनुसार उनि कार्यरत कम्पनि मालिकले अनावश्यक गाली गलौज गर्ने कारणले उनि मानसिक तनावमा थिए। सँगै काम गर्ने साथीको भनाई अनुशार, बिस्टलाई कम्पनी मालीकले काम गर्ने क्रममा चाहीने भन्दा बढि दबाव दिने, यति सम्मकी काम गरेको बेलामा पानी खान जानको लागि पनि सहज नभएको बताउछन्। कम्पनी परिवर्तन गर्नको लागि समय नपुगेको र अर्कोमा सार्ने काम पनि सहज नभएकोले उनी डिप्रेशनको चरम सिमामा पुगेसकेको कारणले त्यस्तो घट्ना भएको हुनु पर्छ।

५४) स्व. मनोज कुमार पाण्डे

ईपीएस मार्फत २०१० मा कोरिया आएका डडेलढुरा भोगेश्वर ५ का मनोजकुमार पाण्डेको यहि नोवेम्बर १७ को राती मृत्यु भएको थियो। ३५ बर्षीय पाण्डे ख्याङगीदो पोछनस्थित जिन्स पाईन्ट बनाउने कम्पनिमा कार्यरत थिए। शनिबार बेलुकी साल छङर्याङरिमा रहेको चर्चमा गएर आइतबार ४ बजे कम्पनि फर्केर सुतेका थिए । उनले मादक पदार्थ सेवन गरेका थिएनन । सोमबार बिहान ड्युटी समयमा पनि नउठेपछि कोठामा हेर्न जांदा मृत अबस्थामा फेला परेको सुबेदीले बताए । मृतकको श्रीमती ८ बर्षीय छोरी, ५ बर्षको छोरा छन्।

५५) स्व. कृष्ण बहादुर थापा

ईपीएसबाट किरया आएका गुल्मी घर भएका २२ वर्षीय कृष्ण बहादुर थापाको मोटर साईकलबाट दुर्घट्ना भई मृत्यु भएको थियो।

५६) स्व. विकाश पौडेल

ईपीएसमार्फत रोजगारीमा कोरिया आएका लमजुङ जिता –९ निवासी विकास पौडेलको मंगलबार दिउसो ३. ५० बजे छल्ला नाम्दोको वन्दो समुन्द्र किनारमा डुबेर मृत्यु भएको थियो। जीन याँङ हो नामक कम्पनीको कामदारका रुपमा २००९ को डिसेम्बरमा यहाँ आएका २४ बर्षीय पौडेल माछा र अक्टोपस मार्ने काम गर्थे । मत्स्यपालन भिसामा रहेका पौडेल मंगलबार पानी जहाजबाट अक्टोपस तान्ने क्रमामा हातमा जाल अल्झिएर समुन्द्रमा डुबेको बताईएको थियो। पौडेललाई डुब्ने बित्तिकै मेशिनको सहायताले समुन्द्र बाहिर निकाल्दा उनीको मृत्यु भइसकेको थियो । वन्दो प्रहरी कर्यालयले सो घट्नाकोबारेमा छानविन गरेको थियो।



चित्र १. २००७ देखि २०१३ सम्म दक्षिण कोरियामा मृत्युहुने नेपालीहरुको संख्या, विभिन्न प्रकारलेहुने मृत्युहरु चित्रमा देखाईएकोछ। २०१० को अचानक भएको मृत्युलाई पनि सम्लग्न गरिएको छ।

६. तथ्यांकको विश्लेषण :-

यस अध्ययनको क्रममा संकलित तथ्याङ्कहरुको आधारमा अचानक हुने मृत्यु तथा आत्माहत्या गर्ने वातावरण सृजना गर्ने सम्भावित कारणहरुको बारेमा गहन अध्ययन गरि

त्यसका बैज्ञानिक कारणहरुलाई आधार मानि यो रिपोर्ट तयार पारिएको छ। कोरियामा मृत्यु हुनेहरु मध्ये धेरै संख्याहरुमा एकरुपता पाईएको छ। यसरी हुने असामयिक मृत्युहरुमा १ वर्ष भित्रमा घटेका घट्नाहरु धेरै छन। नेपाल र कोरियाबिचको वातारणमा फरकहुनु, कोरियनहरुको लगातारकाम गर्ने कार्यतालिकामा वानी पर्न समय लाग्नु, कोरियन भाषामा कुरा गर्न असहज हुनु, कार्य स्थलमा मानसिक तथा शारिरीक रुपले कठिनाई हुनु, काममा सधै डर र त्रासको वातावरण हुनु आदी कारणले रोजगारमा आएका नेपाली युवा तथा युवतीहरुले धेरै कठिनाई भोगेको पाईएकोछ। ईपीएस मार्फत रोजगारको शिलसिलामा आएका अधिकांश नेपालीहरु उच्चशिक्षा हासिल गरिसकेका वा गर्दै गरेका युवा युवतिहरुले आफुले आर्जन गरको शिक्षाको विल्कुलै फरक तथा महत्व नरहने अत्यन्तै कठिनकासाथ कारखानामा काम गर्नु पर्ने कारणले उनीहरु सधैं निराश र मानसिक रुपले अप्ठ्यारो महशुस गरेका हुन्छन्। एकातिर कामको प्रकृती र लगातार काम गराई, नयाँ वातावरण छ भने अर्को तिर भाषाको कमि कोरियन साहुको गाली गौलज ! यस्तो वतावारणले जो कोहिको पनि ब्रेनको रसायनिक बनावट परिवर्तन भई कार्य प्रणालीमा असर पर्न सक्छ।

प्राकृतीक रुपले नै कुनै ब्यक्तीलाई नयाँ ठाउँमा मिलेर बस्न सहज हुदैन, त्यसमा पनि विदेशमा जाने लगतै नयाँ वातावरणमा नमिसिकन शारिरिक रुपले कठिन परिश्रम गर्नु, कोरियनमालिक तथा काम लगाउने लिडरहरुसँग भाषाको कमिले गर्दा राम्रोसँग कुराहरु आदानप्रधान नहुनु तथा आफ्नो कामको बारेमा प्राविधिकरुपले कम ज्ञान भई काम गर्दा सधै त्रासमा मा हुनु, सानो गल्तिको कारणले असहनिय गालीगौलज आउनु आदिबाट सधै चिन्तामा रहि रहनु पर्दछ। यस्तो चिन्तालाई अझ आगोमा घिउ थपिदिने काम लगातार काम गर्ने नियम तथा दिन र रात काम गर्ने समयतालीकाले गर्दछ। स्वाभाबैले मान्छेलाई निन्द्रा राम्रोसँग नपुगेमा स्मरण शक्तिमा ह्रावस आउने, जिउ शिथिल भई खान मन नलाग्ने तथा काममा मन नलाग्ने, भित्रिरुपमा रक्तसंचारसँग सम्बन्धित कठिनाई हुने आदि हुन्छ। ७/७ दिनमा दिउसो र रातीको काम गर्ने तालीकाले मानिसको स्वास्थमा प्रतिकुल अशर पर्न जान्छ विषेश गरिकन यदि उसले पूर्णरुपले आराम गर्न पाएन भने। त्यस्तै परिस्थिती

हाम्रो अध्ययनमा पाईयो। धेरै जसो साना कम्पनिहरुमा (जहा नेपालीहरु तथा विदेशीहरुको संख्या वढिछ) बस्ने (सुत्ने ठाउँ) कम्पनिको नजिकै हुन्छ। रात र दिन चल्ने कम्पनिहरुमा दिउसो सुत्नु पर्ने ब्यक्तिलाई नराम्रो असर परेको पाईयो। यसरीलामो समय सम्म दिउसो आराम गर्न नसक्ने अवस्था भएमा उसमा आन्तरिक रुपले धेरै समस्या आउन सक्छन्। यस्तै भिन्न खाना तथा बोलीचालीले पनि मानसीक तनाबलाई बढाउने गर्दछ। यस अवस्थामा उसले सहज वातावरण भेटेन भने, उसको अवस्थामा नराम्रोअसर पर्न सक्छ फलस्वरुप उ एक्लै बस्न मनपाराउने, खान मन नलाग्ने, चिड चिडाउने ब्यवहार गर्ने, तथा सुताइमा अनियमिक्ता आउने सक्छ। यस्तो प्रकारका बाट कुनै ब्यक्ति गुज्रिनुलाई, डिप्रशन भनिन्छ। जब मानिसमा डिप्रेशन शुरु हुन्छ र कुनै प्रकारको रोगथामको उपाय अपनाईदैन, तब पछि गएर भयानक रुप लिन सक्छ। यसको प्रस्ट उदाहरण छ, मोहन बिष्टको। उनी कम्पनीमा काम गर्न थाले देखि नै असजिलो महशुश गरेको र आफ्नो दुखेसो साथीहरुलाई भन्ने गर्दथे। साहुको दुष्ट ब्यवहार र गाली गौलजले उनी धेरै पिडित थिए। पछि गएर उनेले आत्मा हत्या गरे।

विषेशत: स-साना कम्पनी र कृषि फार्ममा बढिमात्रमा प्रवासी मजदुरहरु प्रयोग गरिने गरिन्छ। यस्ता कम्पनीका मालीक वा प्रवन्धक (मेनजर) वा कार्यदल प्रमुख (टिम क्यप्टेन)को काम गराउने कार्य शैलीको अदक्षताको कारणले प्रवासी मजदुरहरुलाई मानिस भन्दा पनि खरिद गरेर ल्याएको वस्तु सरह व्यवहार गर्ने गरेको पाईन्छ। हुन त यो प्रक्रिया सधै सबैमा लागु हुदैन्।

माथी अध्ययन गरेका धेरै केशहरु मध्ये प्रत्यक्ष रुपमा काम गर्ने वातावरण वा उत्पादन गर्न प्रयोग गरिएका कच्चा पदार्थहरुको असर कम देखिएकोछ। धेरै जसो केशहरुमा सुत्ने, बस्ने तथा खाने लगायत काम गर्ने ठाउँमा विग्रदो स्थिति भने देखिएन्। यसको अलवा, धेरै जसो नेपालीहरुमा काम गर्ने समय तथा कामको प्रकृतीलाई प्रमुख मान्न सकिन्छ। ओमप्रकाश शेरचन, उनले आफु बस्ने ट्वाईलेटमा झुण्डिर आत्माहत्या गरेका थिए। ईलेक्ट्रोनिक्सका समानहरु बनाउने कम्पनिमा काम गर्दै आएका उनी धेरै काम गर्ने गर्दथे,

कम्पनी मालिकको भनाई अनुशार, उनी आफ्नो ज्यानले थेग्ने भन्दा पनि बढि काम गर्ने भएकोले पनि बढी दिमागि असर परेको हुन सक्छ।



चित्र २. चित्रमा अध्ययनको पुर्णरुपलाई चित्रण गरिएको छ जसमा मानसिक तनाव (Stress) हुने कारणहरु देखि आत्मा हत्या तथा अचानक हुने मृत्युसम्म देखाईएको छ। साथमा यसको रोगथाम गर्ने तरिका पनि प्रस्तुत गरिएकोछ।

यस्तै घटनाहरु मध्ये दिपक चौधरीको छ। मुटुको रोगबाट पिडित शंका गरिएका उनीलाई समस्या हुने वित्तिकै अस्तपताल लैजान सकिएको भए सायद उनी बाच्ने थिए। आफु बसेको ठाउँको ठेगना राम्रोसँग थाहा नभएर एम्बुलेस समयमा आउन सकेन र उनको मृत्यु भयो। काममा खटिएका श्रमीकहरुलाई कोरियाको साधारण जानकारी नभएको कारणले यस्तो भएको हो।

७. निस्कर्ष

हालैका दिनमा लोकप्रिय रोजगारस्थल बनेको दक्षिण कोरियाका उच्चशिक्षा हासिल गरेका युवा युवतिहरुले - जसलाई भाषा परीक्षा पास गर्न सहज हुन्छ- राम्रो रोजगार पाएका छन्।

साथै उनिहरु विदेशबाट नेपालमा पठाउने रकम मध्येको ठुलो हिस्साको भागेदार छन् भन्ने कुरामा कुनै दुईमत छैन्। यसको सँगै आफ्नो खाउखाउ र लाउलाउ गर्ने उमेरलाई आफ्नो परिवारबाट टाढा राखि विदेशी भुमिमा विताउनु पर्दाका पिडा पनि कमि छैनन्। कोरियाको फितलो श्रम ऐन र मालिकको अमानवीय व्यवहारले पसिना बगाउने र सस्तो ज्यालामा श्रम बेच्ने प्रवासी मजदुरहरू दिन प्रतिदिन मृत्युको मुखमा धकेलिँदै छन् । यस अध्ययनमा ५० भन्दा बढि केशहरुको बारेमा अध्ययन गर्दा धेरै कम मात्रमा काम गर्ने वातावरणबाट प्रत्यक्ष रुपमा असरको कारणले घट्ना घटेको पाईयो। धेरै केशहरुमा कामको प्रकृति, भिन्न र असहज रहनसहन तथा वातावरण, माया प्रितीसँग सम्बन्धित विषय बस्तु तथा कामको बढि चाप र प्रयाप्त विश्रामको अपुग, काम गर्दा व्यवहारिक ज्ञानको कमिले काम विग्रने डर तथा त्रास आदिको अप्रत्यक्ष रुपमा ठुलो प्रभाव पाईयो।

उल्लेखित विषयलाई नियालेर हेर्ने हो भने, आत्मा हत्या गर्ने तथा सुतेको ठाउँमा मृत अवश्थामा भेटिने केशहरु धेरै जसो केहि महिनादेखि १ वर्षदिनमा भएका पाईएको छ। यसले माथि उल्लेखित गरेको तथ्यलाई अझ बढि प्रमाणित गर्दछ। मानसिक रुपमा असन्तुलन हुन लागेका वा भएका केशहरु पनि सोहि समयमा धेरै देखिका छन्। यी सबै प्रकारका घट्नाहरु समयमा उचित परामर्स तथा उपचार नभएको कारणले हुन गएको हुनुपर्छ। प्रत्यक्ष वा अप्रत्यक्षरुपले मानसिक तनाब हुने र पछि डिप्रेशनको माथिल्लो चरणमा पुर्याउने माथी उल्लेखित विषय बस्तुहरुलाई न्युनिकरण गर्नाले यस्ता घट्नाहरुबाट धेरै भन्दा धेरै बचाउन सकिन्छ र नेपालीहरुको प्रवाशी जिवन सुखमय बनाई नेपालमा आफ्नो परिवार तथा समग्ररुपमा देश विकाशमा जुन प्रकारको टेवा दिई रहेको छ, एउटा वैदेशिक रोजगारको हिसाबले, सफलरुपमा दिन सक्छ। यस अनुसन्धानले नेपाल सरकार तथा कोरियन सरकारलाई प्रवासी सम्बन्धि नियम कानुन र स्वस्थ समस्या तथा तिनिहरुको निराकरण गर्ने उपायको लागि निर्देशन गर्नसक्छ।

८. सुझाब तथा सल्लाह

विदेशी भूमि मा हुने आत्महत्या नियन्त्रणको लागि सबैको पहल को आवश्यक छ। मुख्यकुरा त यसमा फस्नु पहिले नै यसको रोगथाम गर्नु राम्रो हुन्छ। यस्ता समस्याहरुलाई नियन्त्रण गर्न बिभिन्न उपायहरु अवलम्बन गर्न सकिन्छ। रोगथाम गर्ने क्रम कोरियामा आएरमात्र नभई, नेपालबाट नै सुरु गर्नु पर्दछ। यस रिपोर्टमा, सल्लाह तथा सुझाबको रुपमा निम्न प्रकार बर्गिकरण गरेर प्रस्तुत गरिएको छ।

८.१. नेपालमा

विशेषत: रोजगारको क्रममा आउने नेपालीहरुलाई तत्काल दिईएको तालीम तथा तालीम दिने तरिकामा केहि परिवर्तन गरि यसको कार्यनयन भए नभएको । नेपालबाट श्रमिक पठाउँदा उच्चशिक्षा हासिल गरेका भएपनि उनीहरुलाई भाषाको ज्ञानमात्र हैनकि प्रविधिक ज्ञानको समेत राम्रो हेक्का राखेको हुनुपर्दछ। दक्षिण कोरिया आउने प्रत्येक ब्यक्तिले आफुले गर्ने कामको प्रकृति र त्यहाँको वस्तुस्थितिको बारेमा पुर्ण जानकारी दिनुपर्ने ब्यवस्था हुनु पर्छ। उदाहरणको लागि, कोरियाबाट भाषा पास गरिसकेपछि रोस्टरमा बस्ने क्रममा बिभिन्न प्रकारका तालीमहरु दिने व्यवस्था गर्नु पर्ने, कोरिया आउने निश्चित भइसकेपछि छोटो समयमा दिईने तालीम १ हप्तालाई २ हप्तामा परिणत गर्ने र कोरियाको रहनसहन, सांस्कृतिक तथा वातावरणको बारेमा जानकारी दिने र अर्को हत्तामा चाहि सम्बन्धित कामको बारेमा ट्रेनिङ दिने। ट्रेनिङलाई प्रभाबशाली बनाउनको लागि साधारण कक्षामा प्रवचनदिने नभई चलचित्रको प्रयोग गरी कोरियामा गर्ने वास्तविक कामको बारेमा जानकारी दिनु पर्दछ। यसबाट कोरियामा गर्नु पर्ने काम मात्र नभइ कामको प्रकृती कस्तो प्रकारको छ, कोरियनहरुसँग कसरी ब्यवहार गर्नुपर्छ जस्ता कुराहरु पर्दछन। यस कार्यलाई प्रभाबकारी पार्नको लागि, कोरियामा काम गर्दा, खाना खादा, सुत्दा, तथा अन्य कार्य गर्दाका प्रत्येक्ष चलचित्रहरु खिचि प्रस्तुत गर्नाले यसले प्रभाबकारिता दिन्छ।
भाषा परीक्षामा चाहिएको भन्दा धेरैको नाम लिष्ट निकाल्नुको सट्टा, मेरिटको हिसाबले कोरयालाई चाहिने मात्र नामावली निकाली उक्त बनाउने प्रक्रिया अपनायमा पनि नेपालमा दिने तालीमलाई प्रभावशाली बनाउन सकिन्छ। कक्षा संचालनमा मनोविज्ञानसँग सम्बन्धित र कानुनसँग सम्बन्धित ब्यक्तित्वहरुको संलग्नता हुनु

पर्दछ। समस्टिगत रुपमा भन्ने हो भने, विदेश आउनु पूर्व जसरी उचित सीप सिकेर आउँदा सजिलो हुन्छ, त्यसरी नै विदेशीमा आउन सक्ने विभिन्न मानसिक र सामाजिक समस्याको उचित तालिम र तयारी गरेर आउन सकियो भने त्यहा हुन सक्ने आत्महत्या तथा नैरस्यता नियन्त्रण गर्न ठूलो सहयोग पुग्न सक्छ।
वैवाहिक महिलाहरुको समस्याको बारेमा धेरैमात्रमा सम्बन्धित ब्यक्तिले नै राम्रोसँग अध्ययन गरि विवाह गर्न लागेको ब्यक्तीको बारेमा बुझ्नु पर्ने हुन्छ भने नेपालमा अवैधानिक रुपले विवाह गराउने समुहलाई नेपाल सरकारले बढि बन्दा बढि निगरानी राख्ने र गलत प्रविधिमा लागेको लाई कडा कारवाहि गर्ने तिर पहल गर्नु पर्दछ।

८.२. कोरियामा

साधारणतय, कोरिया आईसके पछि २-३ दिनसम्म ओरियनटेसन कक्षाहरु हुन्छन्। यी कक्षाहरुको प्रभाबकारीताको बारेमा पनि ध्यानदिनु पर्नेहुन्छ। कोरियाको कम्पनीमा प्रवेशगर्ने वित्तिकै, काम सुरुगर्नाले उसलाई घुलमील गर्नमा कठिनाई हुनसक्छ। काम गर्ने स्थलमा नेपालीहरु नै भएको अवस्थामा सायद त्यती फरक नपर्ला तर कोरियनहरु मात्र भएको अवस्थामा यो अति नै आवश्यक हुन्छ। यसको अर्थ, कोरिया प्रवेश गरिसकेपछि दिईने तालीम को प्रभावकारिताको बारेमा पुर्ण रुपले अवलोकन गर्नु पर्ने देखिन्छ।

यसवाहेक, काम गर्न सुरु गरिसकेपछि पनि, निरन्तर रुपमा अवलोकन गर्ने र कुनै समस्या भए नभएको वा सहि रुपले काम नगरेको वा नगरेको साथै उनीहरुले ब्यवस्था भए मुताविको तलब तथा सुविधा पाएको वा नपाएको, काम गर्ने स्थानमा मानव अधिकार सम्बन्धिका नियमहरु लागु भए नभएको जाँच बुझ गर्ने एक समितीको (टोली)को व्यबस्था गरिनु पर्दछ वा नेपालसरकाले नेपाल राजुदतावास अन्तरगत यो काम गराउनु पर्दछ। उक्त टोलीका सदस्यहरु (कर्मचारी) तालीम प्राप्त र अनुभवि हुनु पर्छ जसले कार्य स्थलमा श्रमिकहरुको मानव अधिकार उलंघन भए नभएको निरीक्षण गर्न सहज हुन्छ। यस्तो प्रकारको निरीक्षण समय समयमा गरिरहने जसले श्रमिकहरुको हकअधिकारको हनन् भए नभएको वा भएको भए तुरुन्त यसको बारेमा कार्यनवयन गर्न सकिनेमात्र नभई कुनै पनि ब्यक्ति मानसिक तनाबबाट पिढित भए नभएको पनि समयमा नै जानकार रहन सकिन्छ।

श्रमीकलाई कुनै प्रकारको आपत्ती परेको बेलामा उजुरी गर्ने प्रावधान बनाईनु पर्ने र त्यसको जति सक्दो कार्यनयन गर्ने व्यवस्था गरिनु पर्ने। यसको लागि नेपाल सरकारबाट पिढित ब्यक्तिहरुको तर्फबाट वकालत गर्ने ब्यक्तिको ब्यवस्था गर्नु पर्ने।

सम्भावित नैराश्यतालाई पलाउन नदिनको लागि नयाँ वा पुराना नेपाली कामदारहरुको बिचमा बढिभन्दा बढि अन्तरक्रिया गर्ने वातावरण तयार गर्नु पर्छ। यस कार्यमा कोरियामा रहेका धेरै सघ संस्थाहरुसँग हातेमालो गरि नेपाली राजदुतावासले राम्रो पहल गर्नसक्छ। सरसल्लाह तथा सुझाव अनुसार क्रमश कानूनि तरिकाले स्रोत साधनले भ्याएसम्म अनुसरण गर्ने। बेला बेलामा, सम्बन्धित क्षेत्रका विषेशज्ञहरुलाई निमन्त्रणा गरि वा तालीम प्राप्त ब्यक्तीहरुको सहायताबाट कोरियाको बिभिन्न क्षेत्रमा कार्यक्रम गर्न सकिन्छ जुन कार्यक्रममा देखा पर्ने समस्याको बारेमा तथा विषेशत: काम गर्दा, बस्दा, सुत्दा तथा हिडडुल गर्दा ध्यान दिनु पर्ने बारेमा छलफल गर्ने तथा कामदारहरुमा पर्न आएका समस्याहरुको बारेमा सोधपुछ गर्ने काम समेत गर्न सकिन्छ।

८.३. नेपाल फर्कने बेलामा

बैदेशिक रोजगारमा आएका नेपालीहरुलाई आर्थिक रुपले दह्रो हुने मात्र हैन वरु उनीहरुलाई मानसिक रुपले पनि दरिलो बनाउनु पर्छ। भविश्यमा गएर के गर्ने भन्ने वारेमा पूर्व योजना बनाउन सक्ने हो भने उनीहरुमा मानसिक तनाबबाट मुक्त गर्न सकिन्छ। जब जब कोरियामा श्रम गर्ने भिषा समात्त हुदै जान्छ, तब तब उनीहरुलाई त्यस पछि के गर्ने भन्ने बारेमा चिन्ता हुन थाल्छ, धेरै कम मात्रमा भविश्यमा निश्चित कार्य योजनासाथ अगि बढ्ने गरेको पाईन्छ। सहि दिशा निर्देशनका साथ नेपालमा हुने सम्भावित अवसरहरुको बारेमा जानकारी दिने तथा तत् सम्बन्धी योजना वनाउने हो भने, उनीहरुमा एक प्रकारको सहास आउँछ। विदेशबाट रोजगार सकाई सानै भएपनि पुँजि लिएर नेपाल फर्कने नेपालीहरुको लागि नेपाल सरकारले निश्चित योजान ल्याउने र उनीहरुले सिकेका सीप तथा ज्ञानलाई सही सदुपयोग गर्ने वातावरण बनाउनाले नेपाललाई सम्वृद्ध बनाउन सकिन्छ।

यस कार्यमा कोरियामा स्थापित बिभिन्न संघ संस्थाहरुलाई उपयोग गरी काम छिटो र छरितो गर्न सकिन्छ। कोरियामा रहेकै बेलामा उस्तै प्रकारका कम्पनिमा काम गर्ने नेपालीहरुको समुह बनाई आफुले सिकेका विषय बस्तुहरुमा छलफल गरि त्यसको

नेपालमा सदुपयोग गर्न सकिन्छ। यस्ता अग्रिम कार्यक्रमहरुले गर्दा नेपालीहरुको सोचाई नकारात्मक दिशा तिरबाट बिमुख भई सकारात्मक सोचको विकाश हुन् गइ सम्भावित ड्रिपेशनबाट जोगाउन सकिन्छ।

८.४. पेन्सनको ब्यवस्था

कुक्मिन (कोरिया सरकारले सन्चालन गरेको वृद्धा भत्ता (पेन्सन) वा नागरिक बचत बिमा) जसको लागि मजदुरले ५० प्रतिशत र कम्पनीले ५० प्रतिशत बुझाउनुपर्छ । प्रवासी मजदुरले यो बिमा (कुक्मीन)पाउनको लागि प्रवासी मजदुरको आफ्नो देशमा बिमाको व्यवस्था गरेको हुनुपर्छ । साथै यी दुवै देशबीच समाजिक सुरक्षा सम्बन्धमा एमओयु (सोसल सेक्युरिटी "MOU" मेमोरेन्डम अफ अन्डरस्ट्यान्डिङ) गरेको हुनुपर्छ । ताकि कोरियनहरु त्यो देशमा गएर मजदुरी गर्नुपर्यो भने तिनीहरुले पनि यो बिमा गर्न पाउनुपर्छ । नेपाल सरकार र कोरिया बिचमा यस्तो संझौता नगरेको कारणले नेपाली मजदुरले यो बिमा गर्न पाईदैन ।

९. References

1. Nepal Embassy's documents
2. Angst J, Angst F, Stassen HH. Suicide risk in patients with major depressive disorder. *J Clin Psychiatry*. 1999; 60 Suppl 2:57-62; discussion 75-6, 113-6.
3. Harwitz D, Ravizza L. Suicide and depression. *Emerg Med Clin North Am*. May 2000;18(2):263-71, ix.
4. Mann JJ, Apter A, Bertolote J, et al. Suicide prevention strategies: a systematic review. *JAMA*. Oct 26 2005;294(16):2064-74.
5. http://www.brugada.org/about/about.html
6. http://charlesekublyfoundation.org/depression-suicide-info/
7. Vaishnav K & Eric J. N, Molecular neurobiology of depression Nature, 2008: 455, 16
8. Gi Y.H. et al, **Pathogenesis of Sudden Manhood Death Syndrome** The Korean Journal of Legal Medicine 2009;33:19-26
9. www.hellonepalkorea.com
10. www.nepalkoreatimes.com
11. www.nepalkoreanews.com
12. www.nekokhabar.com
13. www.nepalikoreanews.com
14. www.pardeshilife.com